# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन, विभाग अन्तर्गत स्नातकोत्तर तह एम. एड दोस्रो वर्ष (भ्मा एः। छढड) को आंशिक आवश्यकता पूरा गर्नको निम्ति प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

सूर्यबहादुर दाहाल

एम.एड. दोस्रो वर्ष

त्रि.वि. दर्ता नं. ७४७/८३

परीक्षा रोल नं. २१४०१२१

क्या.रोल नं. : ५

शैक्षिक वर्ष २०६३/०६५

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर मोरङ


चैत्र, २०६९

त्रिभुन विश्वविद्यालय सम्बन्धन प्राप्त

सुकुना बहुमुखि क्याम्पस

इन्द्रपुर, मोरङ

मिति : २०६९/

विषय :- सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, श्री सुकुना बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभाग, मोरङ अन्तर्गत द्वितीय वर्षका छात्र सूर्यबहादुर दाहालले **गाउँ शिक्षा योजना निार्माण र कार्यान्वयन** शीर्षकको शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावका आधारमा तयार पार्नुभएको हो । उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो र प्रस्तुत शोधपत्र निर्दिष्ट गरेको शोधढाँचामा तयार गरीएको छ । निजको शोधकार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

................................

भोजराज घिमिरे

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

त्रिभुन विश्वविद्यालय सम्बन्धन प्राप्त

# सुकुना बहुमुखि क्याम्पस

इन्द्रपुर, मोरङ

मिति : २०६९/

विषय :- स्वीकृति पत्र ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, श्री सुकुना बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, मोरङको स्नातकोत्तर द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि छात्र सूर्यबहादुर दाहालद्वारा तयार पारिएको **गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन** शीर्षकको शोधपत्र स्वीकृत गरीएको छ ।

मूल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १, | लक्ष्मीकुमार श्रेष्ठ | स्नातकोत्तर तह,<br>कार्यक्रम संयोजक | |
| २, | भोजराज घिमिरे | शोध निर्देशक | |
| ३, | प्र.डा. अरविन्दलाल योगी | वाह्य परीक्षक | |

# कृतज्ञता

त्रिभुवन विश्व विद्यालय, सुकुना वहुमुखी क्याम्पस इन्द्रपुरको शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि प्रस्तुत शोधपत्र गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन तयार गरीएको हो ।

अनुसन्धान कार्य स्वभाविक रुपमा एउटा जटिल प्राविधिक कार्य हो । यो काम एउटा व्यक्तिको एकल प्रयत्नले मात्र पूर्ण हुन सक्दैन । यसमा विभिन्न संघ संस्था, व्यक्ति र निकायहरुको गहन भूमिका रहेको हुन्छ । त्यसै कारणले शोधकर्ताले आफ्नो अनुसन्धान कार्य सम्पादन गर्दा सम्बन्धित संस्थाहरु, व्यक्तिहरु र निकायहरु सँग समन्वय गर्दै सहयोग प्राप्त गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा मलाई गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन शीर्षकको शोधकार्य गर्ने स्वीकृति प्रदान गर्ने श्री सुकुना वहुमुखी क्याम्पस इन्द्रपुर, शैक्षिक योजना तथा व्यवस्थापन विभाग प्रति म हार्दिक कृतज्ञता जाहेर गर्दछु । शोधपत्रकार्य सम्पादन गर्ने सक्षमता प्रदान गर्ने उद्देश्यले क्याम्पसद्वारा प्रदान गरीएको अभिमुखिकरणमा आफ्नो ज्ञान र सिपको लगानी गर्नुहुने सम्पूर्ण श्रद्धेय गुरुहरु लक्ष्मीकुमार श्रेष्ठ, गणेशप्रसाद दाहाल, अशोक कालाखेती, खगेन्द्रप्रसाद लुइँटेल, प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसै गरी शोध प्रस्ताव निर्माण देखि यो शोधकार्य सम्पन्न गर्दाका वखत सम्म अथक रुपमा पथप्रदर्शन गर्नुहुने गुरु भोजराज घिमिरेलाई विशेष आभार व्यक्त गर्दछु । यही क्रममा यो शोधपत्र तयारीका क्रममा आवश्यक सल्लाह र सुझाव प्रदान गर्नुहुने सुकुना वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पीतकुमार श्रेष्ठ प्रति पनि आभार प्रकट गर्न चाहन्छु । सूचना र तथ्याङ्क विना यो कार्य पूरा हुनै सक्दैनथ्यो । आफूले चाहेको वेला विना झन्झट सूचना उपलब्ध गराउनुहुने जिल्ला शिक्षा अधिकारी सं.स., स्थानीय विकास अधिकारी सं.स., गाउँ विकास समितिका अध्यक्षज्यूहरु, श्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षकहरु तथा अभिभावकज्यहरु प्रति पनि हार्दिक कृतज्ञता जाहेर गर्दछु । यसका साथै सुद्धासुद्धि सम्पादन गरी शोधपत्रलाई पूर्णता दिने सवालमा योगदान गर्नुहुने श्री सरस्वती उच्च मा.वि. चैनपुरका प्राचार्य मुक्तिनाथ गौतम, कम्प्युटर टाइप गर्न सहयोग गर्ने मेघनाथ गौतम र कुमार भण्डारी प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै श्रोत सामग्रीहरु उपलब्ध गराइदिने र समयसमयमा आवश्यक सल्लाह र सुझाव दिने मित्र गोविन्दमान तामाङ लगायत समस्त महानुभावहरु प्रति पनि आभार सहित कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अन्त्यमा यो शोधपत्र मूल्याङ्कनका लागि शैक्षिक योजना तथा व्यवस्थापन विभाग समक्ष पेश गर्दछु ।

शोधपत्र - प्रस्तोता

सूर्यबहादुर दाहाल

# शोधसार

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन नामक शीर्षकमा गरिएको यस अनुसन्धानमूलक कार्यको मुख्य उद्देश्य योजना निर्माणको प्रक्रिया र कार्यान्वयनको अवस्था विश्लेषण गर्नु, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा आउने कठिनाइहरु पत्ता लगाउनु र गाउँ शिक्षा योजना कर्यान्वयन  प्रभावकारी बनाउने उपायहरु सुझाउनु रहेको छ ।

यो अध्ययन गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । त्यसैगरी सुविधाजनक नमूना छनौट विधिबाट अनुसन्धानकार्य पूरा गरिएको छ । प्रस्तुत शोधपत्रका लागि संङ्खुवासभा जिल्ला निर्वाचन क्षेत्र नं.२ अन्तर्गतका १५ वटा गा.वि.स.हरुमा गठन गरिएका गाउँ शिक्षा समितिहरु र सरोकारवालाहरु अध्ययनको जनसंख्याको रुपमा लिइएको छ । यस अध्ययनको नमूनाको रुपमा श्रोत व्यक्ति ५, गाउँ शिक्षा समितिका अध्यक्षहरु ५, प्र.अ. ५, वि.व्य.स. अध्यक्ष ५, शिक्षक १०, अभिभावक १०, जि.शि.अ. र स्थानीय विकास अधिकारीलाई लिइएको छ ।

यो अनुसन्धान कार्यबाट शिक्षा ऐनले व्यवस्था गरे अनुसार सबै गा.वि.स.हरुमा गाउँ शिक्षा समिति नबनेको, गाउँ शिक्षा समिति बनेका गा.वि.स.हरुमा पनि निर्दिष्ट प्रक्रिया अनुसार गाउँ शिक्षा योजना निर्माणको काम नभएको यथार्थ प्राप्त भएको छ । त्यसै गरी गाउँ शिक्षा समिति गठन, गाउँ शिक्षा योजना निर्माण र त्यसको कार्यान्वयनमा स्थानीय र अन्य सरोकारपक्षहरुको समेत शतप्रतिशत सहभागिता हुनुपर्नेमा त्यसो नभएको पाइएको छ । गाउँ शिक्षा योजना कार्यान्वयनका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ ले व्यवस्था गरे अनुसार गा.वि.स. हरुबाट १०% रकम नियमित रुपमा शिक्षा विकासका लागि विनियोजन हुन नसकेको पाइएको छ । त्यसै गरी गाउँ शिक्षा योजनाले जिल्ला शिक्षा योजना निर्माणमा समेत आधार प्रदान गर्न नसकेको पाइएको छ । समग्रमा गाउँ शिक्षा योजनाले विद्यालयको भौतिक सुधार र शैक्षिक सुधारमा योगदान गरेको भएता पनि गाउँ शिक्षा समिति निर्माण र कार्यान्वयनका पाटामा प्रक्रियागत त्रुटिहरु पाइएका छन् ।

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन शीर्षकको यो अनुसन्धानात्मक कार्यबाट नीतिगत तह, अभ्यासतह र अनुसन्धान तहमा विभिन्न उपयोगी सुझावहरु प्राप्त भएका छन्

। अध्ययनको क्रममा प्राप्त तथ्याङ्क र सूचनाहरुको व्याख्या, विश्लेषण र निष्कर्षका आधारमा सबै गाउँ विकास समितिहरुमा गाउं शिक्षा समिति गठन गर्नुपर्ने, गठन गरिएका गा.शि.स.हरुले अनिवार्य रुपमा निर्दिष्ट प्रक्रिया अनुसार गाउँ शिक्षा योजना तर्जुमा गर्नुपर्ने, तर्जुमा गरिएका योजनाहरु कार्यान्वयन गर्नका निमित्त समयमै बजेट निकाशा हुनुपर्ने, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने र नगर्ने गा.वि.स.हरुलाई अनुगमन प्रतिवेदनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने, जस्ता नीतिगत सुझावहरु प्राप्त भएका छन् । त्यसका साथै गाउँ शिक्षा समिति गठन गर्दा, योजना निर्माण गर्दा र त्यसको कार्यान्वयन गर्दा सम्बन्धित सरोकारपक्षहरुलाई समयमै सूचना प्रवाह गर्नुपर्ने, सबै सरोकारपक्षहरुको उपस्थिति विना नै योजना निर्माण र कार्यान्वयनको कामलाई अघि बढाउन नहुने, योजना निर्माण र कार्यान्वयन सम्बन्धमा गाउँ विकास क्षेत्रभित्रका स्थानीय सरोकार पक्षका वीच गाउँ शिक्षा योजनाको महत्वका बारेमा प्रचारप्रसार र छलफल चलाउनु पर्ने र जिल्ला शिक्षा योजना निर्माण गर्दा अनिवार्य रुपमा गाउँ शिक्षँ योजनालाई आधार बनाउनुपर्ने जस्ता अभ्यासगत सुझावहरु प्राप्त भएका छन् । त्यसको साथसाथै गाउँ शिक्षा योजना निर्माण र कर्यान्वयनलाई प्रभावकारी बनाउन जि.शि.का., जि.वि.स. लगायत अन्य सरकारी तथा गैर सरकारी संस्थाहरु र शिक्षाविद्हरुद्वारा अनुसन्धानात्मक कार्यक्रमहरु समेत सञ्चालन गरी अनुसन्धानबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्नुपर्ने जस्ता अनुसन्धानात्मक तहका सुझावहरु प्राप्त भएका छन् ।

# विषय सूची


| शीर्षक | पेज नं. |
|---|---|
| शोधपत्रको शीर्षक | - |
| सिफारिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता | ग |
| शोधसार | घ |
| विषय सूची | च र छ |
| **परिच्छेद एक : परिचय** | |
| १. पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्न | ८ |
| १.६ अध्ययनको परिसीमा | ९ |
| १.७ शब्दावलीको परिभाषा | ९ |
| **परिच्छेद दुई : सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ सैद्धान्तिक खाका | १५ |
| २.३ शैक्षिक उपादेयता | १६ |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ अनुसन्धान ढाँचा | १८ |
| ३.२ जनसंख्या | १८ |
| ३.३ नमुना छनौट | १८ |
| ३.४ अनुसन्धानका साधनहरु | १८ |
| ३.५ तथ्याङ्कका स्रोत | १८ |

३.६ तथ्याङ्क संकलन विधि १९

३.७ तथ्याङ्क विश्लेषण विधि १९

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या २०**

४.१ गाउँ शिक्षा योजनाको निर्माण प्रक्रिया २०

४.१.१ गाउँ शिक्षा समिति गठनको अवस्था २०

४.१.२ गाउँ शिक्षा समिति गठनमा स्थानीय सरोकार पक्षको सहभागिता २१

४.१.३ गा.शि.स. गठनमा अन्य सरोकार पक्षको सहभागिता २२

४.१.४ गाउँ शिक्षा योजना निर्माणको अवस्था २३

४.२ गाउँ शिक्षा योजना कार्यान्वयनको प्रभावकारीता २५

४.२.१ शैक्षिक सुधारमा रकम विनियोजन २५

४.२.२ विनियोजित रकमको प्राप्ति २६

४.२.३ विनियोजित बजेटको प्रयोग २७

४.२.४ योजना कार्यान्वयनमा स्थानीय सहभागिता २८

४.२.५ जिल्ला शिक्षा योजना निर्माणमा गाउँ शिक्षा योजनाको योगदान २९

४.३ गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनमा देखा परेका कठिनाइहरु ३०

४.३.१ ग.वि.स.. अध्यक्षहरुको प्रतिक्रिया ३०

४.३.२ अन्य सरोकार पक्षहरुको प्रतिक्रिया ३१

४.४ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी बनाउने उपायहरु ३३

४.४.१ समस्या हल गर्ने नीतिगत उपायहरु ३४

४.४.२ समस्या हल गर्ने अभ्यासगत उपायहरु ३५

४.४.३ समस्या हल गर्ने अन्य उपायहरु ३५

**परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझाव ३७**

५.१ प्राप्तिहरु ३७

५.२ निष्कर्ष ३८

५.३ सुझावहरु ४०

५.३.१ नीतिगत सुझावहरु ४०

५.३.२ अभ्यासगत सुझावहरु ४१

५.३.३. अनुसन्धानतहका सुझावहरु ४१

# परिच्छेद एकः परिचय

## १.१. पृष्ठभूमि

प्रत्येक व्यक्ति, समुदाय, संघ संस्था, सरकारी तथा गैह्र सरकारी निकायहरुको प्रभावकारी संचालनका लागि योजनाको आवश्यकता पर्दछ । त्यसै कारणले प्रत्येक संघ संस्था एवं निकायहरुले योजना निर्माण गरि तद्नुरुप आफ्ना गतिविधिहरु संचालन गर्ने गर्दछन् । विना योजना, साधन र स्रोत समेतलाई परिचालन गर्न पनि सकिदैन । निर्मित योजनाले संस्था तथा निकायले लिएको उद्देश्य हासिल गर्न मार्ग निर्देश गर्दछ । योजनाहरु विकास गर्ने उद्देश्य सँग गाँसिएका हुन्छन् । यसर्थ यस्ता विकासे योजनाको सम्बन्ध राष्ट्रको विकास र निर्माण संग जोडिएको हुन्छ । विकास योजना सम्बन्धी अवधारणा सर्व प्रथम सन् १९२८ मा तत्कालिन सोभियत रुसबाट आएको हो । यो समयलाई विकासको सम्बन्धमा आधुनिक युग मानिने गर्दछ । विकास योजना एक संगठित, विशिष्टिकृत र निरन्तर प्रयास हो । यस्तो योजना तर्जुमा गर्दा उपलब्ध उपायहरु मध्ये सबैभन्दा असल उपाय छनौट गरी लक्ष्य तथा उद्देश्य हासिल गर्ने तर्फ ध्यान केन्द्रित गरिन्छ । यो अवधारणा समाजवादी, पूँजीवादी र मिश्रितअर्थ व्यवस्था भएका सबै मुलुकहरुमा उत्तिकै लागु हुन्छ । यसै सन्दर्भमा सन् १९६० मा मानव पूँजी विकासको अवधारणा अगाडि आयो । ज्ञान, शीप र क्षमतालाई वास्ता नगरी थालिएको विकासले दिगो विकासमा टेवा दिन सक्दैन । त्यसको लागि मानव पूँजीको विकासमा लगानी बढाउनु पर्दछ (सिलवाल, २०६३) ।

नेपालमा विकास योजना तर्जुमा गर्ने कुराको प्रारम्भ राणा शासनको उत्तरार्धमा जुद्ध समशेरको पालामा बनेको २० वर्षे योजनाबाट भएको पाइन्छ । त्यस पछि सन् १९४९ मा राष्ट्रिय समितिद्वारा १५ वर्षे कार्यक्रम बन्यो । यसै क्रममा सन् १९५१ मा योजना र विकास मन्त्रालय गरियो । यो गठित मन्त्रालयको प्रमुख काम ५ बर्षे योजना तर्जुमा गर्नु रहेको थियो । त्यसै गरी सन् १९६१ मा उच्च स्तरीय राष्ट्रिय परिषद् पनि गठन गरियो । यही क्रममा सन् १९६८ मा नेपालमा राष्ट्रिय योजना आयोगको गठन भयो । यो योजना आयोगले १० वटा पञ्चवर्षीय योजनाहरु तर्जुमा गरी तिनीहरुको कार्यान्वयन समेत गरिसकेको छ । यही अनुभवका आधारमा केन्द्र निर्मित योजनाद्वारा स्थानीय तहका आवश्यकताहरु पूरागर्न कठिनाई पर्दोरहेछ भन्ने महशुस् भयो । जसको परिणाम स्वरुप सन् १९७० मा स्थानीय आवश्यकताहरुको परिपूर्ति गर्न स्थानीय तहमा नै योजना बन्दा बढी प्रभावकारी बन्न सक्छ

भन्ने अवधारणा अगाडि आयो । त्यसका साथै स्थानीय योजनाले जनताका आवश्यकताहरुलाई सम्बोधन गर्दा स्थानीय शीप, क्षमता र श्रोतको अत्यधिक परिचालन र सदुपयोग हुन सक्छ र त्यसकोलागि स्थानीय समुदाय र नागरिक समाजको सक्रिय सहभागिता आवश्यक हुन्छ भन्ने निश्कर्ष समेत निकालियो । यसले विकासोन्मुख मुलुकहरुको विकास र उन्नतिका लागि स्थानीय योजनाहरु अत्यन्त फलदायी बन्न सक्ने कुरालाई पनि उजागर गरिदियो । यसै शिलशिलामा विकेन्द्रीकरणको अवधारणा विकसित भयो ।

नेपालमा शिक्षा योजना तर्जुमाको ऐतिहासिक पृष्टभूमिलाई हेर्दा वि.सं. २००७ साल पछि बाट मात्र शिक्षा योजना तर्जुमा गर्ने कुरामा जोड दिएको पाइन्छ । वि.सं. २०१० मा तत्कालिन नेपाल सरकारद्वारा राष्ट्रिय शिक्षा योजना आयोगको गठन गरी शिक्षामा योजनाबद्ध विकास गर्ने कुराको प्रारम्भ गरियो । उक्त आयोगले २०११ सालमा आफ्ना सुझाव सहितको प्रतिवेदन बुझायो । तत्पश्चात उक्त सुझावको आधारमा योजना निर्माण गर्न थालियो । पछिका दिनहरुमा क्रमशः २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०२८ मा राष्ट्रिय शिक्षा पद्दतीको योजना २०४९ सालमा राष्ट्रिय शिक्षा आयोग, २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग जस्ता आयोगहरु गठन गरी ती आयोगद्वारा प्राप्त सुझावहरुका आधारमा शिक्षाका योजनाहरु निर्माण गरी तिनीहरुको कार्यान्वयन समेत गरिदै आएको छ । यसरी नेपालको शिक्षा विकासका प्रयत्नहरु भईरहेका छन् । वास्तवमा भन्ने हो भने राष्ट्रिय स्तरमा मात्र तर्जुमा गरेका योजनाहरुले सबै स्थानीय आवश्यकताहरुलाई सम्बोधन गर्न सक्दैन । त्यही यथार्थतालाई मध्यनजर गरी नेपाल सरकारले पनि शिक्षामा विकेन्द्रीकरणको अवधारणालाई अघि सा-यो । त्यसकै आधारमा जिल्ला तहमा जिल्ला शिक्षा योजना, नगरपालिकामा नगर शिक्षा योजना, गाउँ तहमा गाउँ शिक्षा योजना र विद्यालय तहमा विद्यालय सुधार योजना तर्जुमा गर्ने र तिनीहरु मार्फत शिक्षाको विकास गर्ने नीति नेपाल सरकारले अवलम्बन गरेको छ । सोही नीति हाल नेपालमा कार्यान्वयनको अवस्थामा छ (शिक्षा विभाग, २०६४) ।

स्थानीय तहमा नै शिक्षा योजना निर्माण गर्ने र त्यसको कार्यान्वयन गर्ने हो भने स्थानीय आवश्यकताको परिपूर्ति हुन सक्ने कुरामा स्थानीय स्वायत्त शासन ऐन २०५५ ले पनि जोड दिएको छ । त्यसैले गा.वि.स. तथा नगरपालिकाहरुलाई आफ्नो क्षेत्रभित्र योजना निर्माण, विकास, व्यवस्थापन र सुपरीवेक्षण समेत गर्ने अधिकार स्थानीय स्वायत्त शासन ऐन

२०५५ मा उल्लेख गरिएको छ । यसरी स्थानीय तहलाई बढी जवाफदेही बनाउने कुरालाई प्राथमिकता प्रदान गरिएको छ । विकेन्द्रीत शिक्षा योजनालाई प्राथमिकता दिँदै तिनीहरुको कार्यान्वयन गराउने शिलशीलामा सम्बन्धित गाँउ क्षेत्र भित्र संचालित विद्यालयको रेखदेख र व्यवस्थापन गर्न, विद्यालयहरु बीच समन्वयन गर्न प्रत्येक गा.वि.स.मा गा.वि.स.को अध्यक्षको अध्यक्षतामा ७ सदस्यीय गाँउ शिक्षा समिति गठन गरिने व्यवस्था शिक्षा ऐन २०४९ को सातौं संसोधनमा गरिएको छ । (शिक्षा ऐन सातौं संसोधन २०५८) त्यसै गरी शिक्षा नियमावली २०४९ को परिच्छेद् पाँचको नियम २१ ले गाँउ शिक्षा समितिको काम, कर्तव्य र अधिकारको समेत किटान गरेको छ (शिक्षा नियमावली २०४९) ।

शैक्षिक योजना निर्माण कार्य मानसिक प्रक्रियाको उपज हो । यसले शैक्षिक संस्थाको कार्यक्षमताको विकास गर्छ । भावी समस्याहरु केलाउदछ र उद्देश्यमूलक परिणाम निकाल्छ । शैक्षिक योजनाले निर्दिष्ट लक्ष्य परिपूर्ति गर्दछ र सामाजिक विकासलाई लक्ष्यमा पुऱ्याउछ । शैक्षिक योजना साध्य होइन साधन हो । यसलाई व्यवस्थापन बाट अलग गर्न सकिदैन, किन भने योजनाको कार्यान्वयन पक्ष नै व्यवस्थापन हो । समग्रमा भन्दा शैक्षिक योजनाले मूलुकको शिक्षा पद्दतीलाई नै निर्देशित गर्दछ । त्यसैले योजना सामाजिक आवश्यकतामा आधारित हुनु पर्दछ । जसमा उपलब्ध प्राकृतिक र मानवीय साधनको उच्चतम प्रयोग भएको हुन्छ (वाग्ले र साथीहरु २०५३) ।

शिक्षामा सबैको पहुँच, समान सहभागिता, लैङ्गिक तथा सामाजिक भेदभाव रहित अवसर, सक्षम विद्यालय व्यवस्थापन, गुणस्तरीय तथा प्रभावकारी सुनिश्चितताका लागि जिल्ला, गाँउ, नगर तथा विद्यालय तहमा योजना निर्माण गर्नु पर्दछ । स्थानीय निकाय र सरोकार पक्षहरु सँग मिली शिक्षालाई सर्वसुलभ बनाई सन् २०१५ सम्ममा सबैकालागि शिक्षा पुऱ्याउने नेपाल सरकारको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्ने एउटा उपाय शिक्षामा विकेन्द्रीकरण हो (नेपाल २०६४) ।

विकेन्द्रीकरणलाई विकास प्रवर्द्धन गर्ने नीतिका रुपमा स्वीकार गरिएको छ । यसलाई गरिवी उन्मुलन तर्फ लक्षित रणनीतिहरु मध्येको मुख्य तत्वका रुपमा लिइन्छ । विकासशिल मुलुकहरुले तिनीहरुको सामाजिक आर्थिक रुपान्तरणका लागि विकेन्द्रीकरणलाई मूल साधनका रुपमा लिएका छन् । शक्तिलाई केन्द्रिय स्तरबाट वढी परिधि तहहरुमा हस्तान्तरण गर्नाले श्रोत व्यवस्थापनमा सुधार र सामुदायिक सहभागितामा वृद्धिद्वारा विकासका भौतिक एवं प्रशासनिक व्यवधानबाट छुटकारा पाउन सकिन्छ । विकासशिल मुलुकहरुको विकासमा

राज्यको निरासाजनक उपलब्धी र वढ्दो गरिवीका कारण मानव विकासलाई अन्तिम लक्ष्य मान्ने, प्रजातन्त्रको विकास र सवलिकरण, उत्पादकत्व प्रतिस्पर्धा र वृद्धिको राष्ट्रिय पहलमा निजी र नागरिक समाजसँग सहकार्य गर्ने र नागरिक समाजको संगठन र विकासलाई सहयोग र प्रवर्द्धन गर्ने राज्य सम्यन्त्रको आवश्यकता महसुस गरिएको छ । यसले माथिबाट विकास भन्ने परम्परागत मान्यतालाई उल्टाएर तल्लो तहबाट विकास भन्ने विकासको पछिल्लो मान्यतालाई व्यवहारिक मान्यता प्रदान गरेको छ । यसै कारणले गर्दा विकेन्द्रीकरण आज विकासशिल मुलुकहरुको सबैभन्दा उपयुक्त विकास रणनीतिका रुपमा स्थापित भएको छ ।

विकासका लागि जनसहभागिता महत्वपूर्ण हुन्छ । जनसहभागीताद्वारा विकासका आवश्यकता पहिचान, योजना तर्जुमा, श्रोत व्यवस्थापन, कार्यान्वयन र अनुगमन सीघ्रता र कुशलता हासिल हुन्छ । जनसहभागिताले विकास आयोजनाको लागत न्यूनिकारण र श्रोतको मितव्ययिता सम्भव तुल्याउँछ । जनसहभागितामा निर्मित विकास आयोजनाहरुको मर्मत सम्भारमा स्थानीय जनता स्वयं सक्रिय रहन्छन् । तसर्थ जनसहभागिताबाट मात्र दिगो विकास सम्भव हुन्छ । त्यसका लागि विकेन्द्रीकरण आवश्यक छ ।

विकेन्द्रीकरणद्वारा केन्द्रिय सरकारमा रहेका अधिकार, शक्ति, जिम्मेवारी, श्रोतसाधन स्थानीय सरोकारवालाहरुलाई हस्तान्तरण गर्नाले स्थानीय निकायहरु स्थानीय नागरिकका सरोकारका विषयमा निर्णय गर्न, स्थानीय आवश्यकता पूर्तिका लागि स्थानीय श्रोत पहिचान, परिचालन र उपयोग गर्न र प्रशासनको प्रवन्ध स्वयं गर्न स्वतन्त्र हुन्छन् । स्थानीय सरोकारका विषयमा स्थानीय स्तरमै जननिर्वाचित निकायहरुद्वारा निर्णय लिइँदा विकासका क्रियाकलापमा सिघ्रता सम्भव हुन्छ । त्यसैगरी उत्तरदायित्व र जवाफदेहिता पनि वढ्छ । विकासका लागि स्थानीय नेतृत्व र संस्थाहरुको सशक्तिकरण र विकास आवश्यक हुन्छ । जुन विकेन्द्रीकरणद्वारा सम्भव हुन्छ । त्यसैले गर्दा स्थानीय निकायहरु नेतृत्व विकासका पाठशाला हुन्  (दाहाल, २०६५) ।

त्यसै गरी दक्ष मानवीय श्रोत साधनको उत्पादन गर्ने कुरामा दशौ योजनाले जोड दिएको छ । उक्त योजनामा स्वायत्त शासन ऐन अनुरुप विकेन्द्रीकरण शैक्षिक योजना र व्यवस्थापनको रणनीति उल्लेख हुनु पर्ने कुरा पनि उल्लेख गरिएको छ । त्यसकालागि स्थानीय स्वायत्त शासन ऐन र शिक्षा ऐन दुवैले स्वामित्व, श्रोत साधनको प्रभावकारी उपयोगमा स्थानीय समुदायको नियन्त्रण हुनु पर्छ । साथै स्थानीय श्रोतको परिचालन गर्न

शिक्षामा पनि समुदायको संलग्नताको आवश्यक हुन्छ । त्यसैले मात्र स्थानीय आवश्यकताहरुलाई सही रुपमा सम्बोधन गर्न सक्दछन् । शिक्षामा विकेन्द्रीकरणको मुख्य उद्देश्य शिक्षण प्रकृयालाई बढी अर्थपूर्ण बनाउनकालागि स्थानीय व्यक्तिहरुलाई योजना तर्जुमा देखि कार्यान्वयन तहसम्म सहभागिता गराई उनीहरुमा निर्णय लिन सक्ने क्ष्मताको विकास गर्नु हो । यसरी सरकार र सरोकारवालाहरुको परामर्शमा तयार भएका गाँउ शिक्षा योजना नगर शिक्षा योजना र जिल्ला शिक्षा योजना मार्फत स्थानीय व्यक्तिहरुका आवश्यकताहरुलाई परिपूर्ति गर्न सकारात्मक सहयोग पुऱ्याउदछ । यसले गुणस्तरीय शिक्षा विकासमा समेत सकारात्मक योगदान प्रदान गर्न सक्छ । त्यसै गरी गाँउ तथा नगर शिक्षा योजनाले सबैका लगि शिक्षामा पहुँच सुनिश्चित गर्दै योजना निर्माण गर्नु पर्दछ । जिलला शिक्षा योजना निर्माण गर्दा गाँउ शिक्षा योजना र नगर शिक्षा योजनालाई नै मुख्य आधार बनाउनु पर्दछ । यसका लागि शिक्षा तथा खेलकुद् मन्त्रालयले विद्यालय व्यवस्थान समिति /गा.वि.स./नगर/शि.सं./जि.शि.स.का सदस्यहरु तथा सम्बन्धित विद्यालय, समुदाय र जिल्ला तहका सरोकारवालाहरुलाई विद्यालय सुधार योजना, गाँउ शिक्षा योजना नगर शिक्षा योजना र जिल्ला शिक्षा योजनाको कार्यान्वयन र अनुगमनको लागि बृहत मानव संसाधन विकास योजनाको निर्माण समेत गरिसकेको छ (शिक्षा विभाग, २०६३) ।

## १.२. समस्याको कथन

योजना विना कुनै पनि संस्था एवं निकायले आफूले राखेका लक्ष्य तथा उदेश्य हासिल गर्न सक्दैन । योजना तर्जुमा गर्दा आवश्यक पाटा र पक्षमा ध्यान नपुग्दा योजना कार्यान्वयन, त्यसको अनुगमन र मूल्याङ्कनमा समेत नकारात्मक असर पर्दछ । योजना निर्माण प्राविधिक कार्य भएता पनि सरोकारवालाहरुको संलग्नता विना निर्माण गरिएमा अपेक्षित उपलब्धी हासिल हुन सक्दैनन् । त्यसैगरी केन्द्रिय तहबाट योजना निर्माण हुँदा स्थानीय आवश्यकताहरुको सम्बोधन हुन सक्दैन । जसको परिणाम स्वरुप स्थानीय सरोकार पक्षको सहभागिता न्यून रही योजना कार्यान्वयनमा कठिनाई सृजना हुन्छ र समयमा योजना नबन्ने, बनेका योजनाहरुको कार्यान्वयन समयमा नहुने, योजनाको दिगोपनामा समेत ह्रास आउन गई सिंगै योजना निस्प्रभावी बन्ने खतरा हुन्छ ।

शिक्षा ऐन तथा नियमावलीले प्रत्येक गा.वि.स.मा गा.शि.स. गठन गर्ने र तिनीहरु मार्फत गाउँ शिक्षा योजना निर्माण गरी त्यसको कार्यान्वयन गर्ने व्यवस्था स्पष्ट रुपमा गरेको भएतापनि कतिपय गा.वि.स.हरुले गाउँ शिक्षा समिति नै गठन नगर्ने, गठन गरेपनि

त्यस मार्फत गाउँ शिक्षा योजना तर्जुमा नगर्ने र तर्जुमा गरिएका योजनाहरुलाई पनि विकेन्द्रीकरणको मर्म र भावना अनुसार कार्यान्वयन नगर्ने गरेको पाइन्छ। यसले समग्र शिक्षा विकासमा नकारात्मक असर पारिरहेको छ।

शिक्षा ऐन २०२८ सातौ संसोधनमा गाउँ शिक्षा समिति गठन गर्ने र उक्त समितिले गाउँ शिक्षा योजना तर्जुमा गर्ने, उक्त योजनाको कार्यान्वयन गर्ने र त्यसको मूल्याङ्कन एवं अनुगमन समेत गर्ने व्यवस्था गरिएको छ। यो व्यवस्था शिक्षामा विकेन्द्रिकरण गर्ने, स्थानीय सरोकारवालाहरुको समस्याहरु र आवश्यकताहरु योजनामा प्रतिविम्वित गरी तिनीहरुको समाधान र परिपूर्ति गर्ने, योजना कार्यान्वयमा स्थानीय जनसहभागिता वृद्धि गर्ने लगायतका शिक्षा विकास सँग सम्बन्धित उदेश्य सहित गरिएको हो। तर पनि व्यवहारमा यी सबै कुराहरु प्रतिविम्वित हुन नसकिरहेका गुनासाहरु सर्वत्र सुन्न पाइन्छ। यसको मुख्य कारण भनेको योजना निर्माण प्राविधिकहरुद्वारा गर्ने परम्परालाई त्याग्न नसक्नु हो।

योजना निर्माणमा स्थानीय अभिरुची सहभागिता नहुनाले कार्यन्वयनमा समस्या देखा पर्दछ। स्थानीय जनतामा योजना निर्माणको ज्ञान र सिप समेत नभएबाट उनीहरु अभिरुचीपूर्ण रुपमा सहभागि नहुने समस्या पनि हाम्रो सामु छ। जुन वस्तुमा वा कुरामा आफ्नो लगानी हुन्छ त्यो वस्तु आफ्नै हुन्छ र त्यसको वारेमा चिन्ता र चासो वढ्ने गर्दछ। सहभागिताले अपनत्वको भाव विकसित गर्दछ। गाउँ शिक्षा समिति गठन भएको छ कि छैन? गठन भएको भए त्यसले शिक्षा ऐनले व्यवस्था गरे अनुसार गाउँ शिक्षा योजना निर्माण गरेको छ कि छैन? योजना निर्माण भएको भए कार्यान्वयन कत्तिको प्रभावकारी भएको छ? निर्माण भएका छैनन् भने त्यसको के कारण हो ? त्यसमा कुन कुन पक्षमा कमी कमजोरी भएको छ ? भएका कमजोरीहरु सच्याउन वा सुधार गर्न के के गर्नु पर्ला? निर्माण भएका योजनाहरु कुन प्रक्रियाबाट निर्माण भएका छन्? योजना निर्माण देखि त्यसको कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमनमा स्थानीय सहभागिता कस्तो रहेको छ ? बनेका योजनाहरु स्थानीय आवश्यकताको परिपूर्ति गर्ने तर्फ कत्तिको सफल छन् ? सफल छैनन् भने त्यसको उपायहरु के के हुन सक्छन् ? योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन तथा अनुगमन गर्ने निकायहरुको सक्रियता वा उदासिनता के कस्तो छ ? स्थानीय सरोकार पक्षले गाउँ शिक्षा योजनाबाट के कति लाभ हासिल गरेको महसुस गरेका छन् ? यस्ता थुप्रै प्रश्नहरु अहिले सम्म पनि अनुत्तरित छन्। यिनै प्रश्नहरुको समुचित हल केके हुन सक्छ ? समस्याहरु के के हुन् ? जस्ता कुराहरु पहिचान गरी गाउँ शिक्षा योजना निर्माण,

कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमनमा सरोकार पक्ष र स्थानीय समुदायलाई अत्यधिक मात्रामा सरिक गराई गाउँ शिक्षा योजनालाई साँचो तथा उद्देश्यमूलक रुपमा लागू गर्न गराउन सहयोग पुऱ्याउने हेतुले यो 'गाउँ शिक्षा योजना निर्माण कार्यान्वयन' विषयक अनुसन्धान कार्य गरिएको छ ।

**१.३. अध्ययनको औचित्य**

प्रस्तुत गाउँ शिक्षा योजना निार्माण र कार्यान्वयन विषयक अध्ययनले समग्र आफ्नो गाउँ क्षेत्र भित्रको शैक्षिक विकासमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ । गाउँ शिक्षा योजना स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा बन्ने योजना भएकाले यसले स्थानिय आवश्यकताहरुलाइ यथोचित सम्बोधन गर्छ । जसले गर्दा स्थानीय बासिन्दाहरु राम्ररी लाभान्वित हुन सक्दछन । यस्ता योजना निर्माण गर्दा तथ्यलाइ आधार बनाइने हुँदा यसको कार्यान्वयनमा पनि सहजता हुन्छ । स्थानीय सरोकारवालाहरुको सकृयता अभिवृदि हुन्छ र अपेक्षित उपलब्धी हासिल हुन्छ । योजना निर्माण गर्ने मुख्य जिम्मेवारी गाविस को हुन्छ । गाविस अध्यक्ष र यसका पदाधिकारीहरु मात्र संलग्न भइ योजना बनाउँदा उक्त योजना गाविसको हुन्छ । त्यसको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने सवालमा स्थानिय जनताहरुले चासो राख्दैनन् । त्यसै गरी शिक्षा योजनामा सरोकार पक्षका आवश्यकताहरु प्रतिविम्बित पनि हुन सक्दैनन् । तर गाउँ शिक्षा समिति गठन गरी त्यस मार्फत अन्य सरोकार पक्षलाइ समेत सामेल गराइ गाउँ शिक्षा योजना बन्ने हुँदा उक्त योजना आफ्नै हो भन्ने भावना सरोकार पक्षमा विकास हुन्छ । त्यसका साथै गाविसलाइ योजना निर्माणमा सहयोग पुग्छ । त्यतिमात्र नभएर योजना कार्यान्वयनमा स्थानीय जनताको सकृयता र लगानी वढी कार्यान्वयनमा सहजता सृजना हुन्छ ।

योजना निर्माण गर्नु भनको प्राविधिक काम हो । तर यो कामका लागि प्राविधिक विज्ञ र योजनाकारमा मात्र भर पर्ने हो भने समयमै योजना बन्न कठिन हुन्छ । समयमा योजना नबन्नाले त्यसको कार्यान्वयनमा समेत वाधा उत्पन्न हुन सक्छ । योजनाका वारेमा वेखवर हुँदा स्थानीय बासिन्दाहरु चाहेर पनि कामको रेखदेख गर्न र कार्यान्वयनमा सहभागि बन्न सक्दैनन् । तर गाउँ शिक्षा योजना निर्माणको तहदेखि निर्णय प्रक्रिया, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा समेत स्थानीय र सरोकारवाला सवै पक्षको समावेशी संलग्नता हुन्छ । जसले गर्दा एकातिर स्थानीय जनतामा योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने अनुगमन तथा मूल्याङ्कन गर्ने सवालमा आवश्यक अनुभव प्राप्त हुन्छ भने अर्कोतिर

उनीहरुमा अपनत्वभावको पनि सँगसँगै विकास भएर जान्छ । उनीहरुमा क्षमता विकास हुन्छ । त्यसपछि योजना समयमै नबन्ने समस्याको अन्त हुन्छ र योजना सफल हुन्छ ।

गाउँ शिक्षा योजनाले गाउँ क्षेत्रभित्र विद्यालय स्थापना गर्न, खोलिएका विद्यालयको स्तरोन्नति, गर्न, भौतिक तथा शैक्षिक सुधार गर्न मद्दत गर्दछ । जसका कारणले जथाभावी विद्यालय खोल्ने, खोलिएका विद्यालयहरु अलपत्र हुने अवस्थाबाट गुज्रनु पर्ने समस्याको हल हुन्छ । आवश्यकता र साधन स्रोतको उपलब्धताका आधारमा मात्र योजना बन्नाले लक्ष्य अनुरुप उपलब्धी हासिल हुन सक्दछ । विद्यालयहरु भौतिक तथा शैक्षिक रुपमा सुदृढ हुँदा आम सरोकार पक्ष लाभान्वित हुन्छन् ।

गाउँ शिक्षा योजना केवल गाउँका लागि मात्र उपयोगी हुँदैन । यो त जिल्ला शिक्षा योजना निर्माणको आधार पनि हो । गाउँ ,शिक्षा योजनाका आधारमा जिल्ला शिक्षा योजना निर्माण गर्दा त्यो योजना जिल्लाको वास्तविकताको आधार बन्छ । योजनामा दोहोरोपन घट्न जान्छ । यसले जिल्ला शिक्षा योजना र अन्त्यमा राष्ट्रिय शिक्षा योजना निर्माणमा वस्तुनिष्ट सहयोग पुऱ्याउँछ । जसले गर्दा सिंगो शिक्षा विकासमा सकारात्मक प्रभाव पर्दछ ।

## १.४ अध्ययनको उद्देश्य

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको प्रभावकारीता विषयक यो अध्ययनको निम्न अनुसारका उद्देश्यहरु रहेका छन् :

(क) गाउँ शिक्षा योजना निर्माण प्रक्रियाको अवस्था पहिचान गर्ने ।

(ख) गाउँ शिक्षा योजना कार्यान्वयको अवस्था पहिचान गर्ने ।

(ग) गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा आउने कठिनाइ पत्ता लगाउनु ।

(घ) गाउँ शिक्षा योजना प्रभावकारी बनाउने उपायहरुको खोजि गर्नु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

क) सबै गा.वि.स.मा गाउँ शिक्षा समिति बनेका छन् ?

ख) बनेका गाउँ शिक्षा योजनाको कार्यान्वयन प्रभावकारीता कस्तो छ ?

ग) गाउँ शिक्षा योजना निर्माण र त्यसको कार्यान्वयनमा के के समस्याहरु छन् ?

घ) गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउन कस कसले के के गर्नुपर्ला ?

ङ) योजना निर्माण र कार्यान्वयनमा स्थानीय सहभागिता कस्तो छ ?

च) सम्बन्धित पक्षबाट अनुगमन तथा मूल्याङ्कन कस्तो भएको छ ?

### १.६. अध्ययनको परिसीमा

यस अध्ययनलाई सङ्खुवा सभा जिल्लाको क्षेत्र नं. २ अन्तर्गत रहेका गा.वि.स.हरुमा सीमित गरिएको छ । त्यसैगरी उक्त गा.वि.स.भित्र निर्मित गा.शि.स.को निर्माण र कार्यान्वयनको अवस्थालाई मात्र अध्ययनको केन्द्रविन्दु बनाइएको छ । त्यसै गरी यो अध्ययनलाई गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रियाको पहिचान गर्ने, त्यसलाई प्रभाकारी बनाउने उपायहरुको खोजीगर्ने, योजना निर्माण र कार्यान्वयनका क्रममा आउने समस्याहरु पत्ता लगाइ तिनीहरुको समाधान गर्ने उपायहरु सुझाउने उद्देश्यले अघि वढाइएको  त्यसको साथै आ.व.२०६७/०६८/०६९ मा मात्र यस अध्ययनलाई सीमित गरी अध्ययन पूरा गरिएको छ ।

### १.७. शब्दावलीहरुको परिभाषा

(क) गाउँ शिक्षा समिति - गाउँ शिक्षा समिति भन्नाले हरेक गाउँ क्षेत्र भित्रको शिक्षा विकास गर्ने उद्देश्यले शिक्षा ऐनले व्यवस्था गरे वमोजिम गा.वि.स. अध्यक्षको अध्यक्षतामा स्थानीय सरोकारवालाहरु संलग्न गरी गठन हुने ७ सदस्यीय समितिलाई बुझाउँछ ।

(ख) स्रोत केन्द्र - स्रोतकेन्द्रले जिल्ला शिक्षा कार्यालयले निर्धारण गरेको इलाकाका विद्यालयहरु सुपरीवेक्षण गर्न गठित तोकिएका केन्द्रहरुलाई बुझाउँछ ।

(ग) ऐन - ऐन भन्नाले शिक्षा ऐन २०२८ संसोधन सहित लाई बुझाउँछ ।

(घ) नियमावली - नियमावली भन्नाले शिक्षा नियमावली २०५९ संसोधन सहितलाई बुझाउँछ ।

(ङ) सरोकारवाला - सरोकारवाल भन्नाले विद्यालय सञ्चालन, रेखदेख र नियन्त्रणमा संलग्न वि.व्य.स./शि.अ.संघका पदाधिकारीहरु, स्रोत व्यक्तिहरु, जि.शि.अ. तथा स्थानीय अभिभावकहरुलाई बुझाउँछ ।

(च) विकेन्द्रीकरण  - विकेन्द्रीकरण भन्नाले केन्द्रमा सिमित अधिकारहरुलाई स्थानीय स्तरमा ल्याउने विधिलाई बुझाउँछ ।

(छ) वि. व्य. समिति - वि. व्य. समिति भन्नाले विद्यालय संचालन र रेखदेख गर्न शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ अनुसार गठन भएको समितिलाई बुझाउँछ ।

(ज) स्वायत्त शासन ऐन - स्वायत्त शासन ऐन भन्नाले स्थानीय स्तरमा स्वतन्त्र रुपमा शासन संचालन गर्ने प्रयोजनका लागि निर्मित स्थानीय स्वायत्त शासन ऐन २०५५ लाई बुझाउँछ ।

(झ) स्रोत व्यक्ति - स्रोत व्यक्ति भन्नाले जिल्ला शिक्षा कार्यालयले तोकेका निश्चित क्षेत्रका विद्यालयहरुको सुपरीवेक्षण गर्न जि.शि.का. द्वारा नियुक्त अधिकृतलाई बुझाउँछ ।

# परिच्छेद दुई : सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययनलाई वैद्यता र विश्वसनीयता प्रदान गर्न पूर्व स्थापित सिद्धान्त र सम्बन्धित साहित्यको महत्वपूर्ण भूमिका हुन्छ । यसर्थ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन शीर्षकको यो अध्ययनलाई वैद्य र विश्वसनीय बनाउन निम्न अनुसारका सम्बन्धित साहित्यको सहयोग लिइएको छ ।

श्रेष्ठ (२०६४) ले गाउँ शिक्षा योजना तर्जुमा सहयोगी पुस्तिकामा उल्लेख गरे अनुसार गाउँ शिक्षा योजनामा आवश्यकतामा आधारित विभिन्न शैक्षिक भौतिक तथा अन्य सामाजिक योजनाको निर्माण गर्ने, कार्यक्रम संचालन गर्ने साथै अनुगमन र मूल्याङ्कन गर्ने मूख्य जिम्मेवारी पनि समुदायले नै लिएको हुन्छ गाउँ शिक्षा योजनाले आफ्नो गाउँको आवश्यकता आफैले पहिचान गरेर विद्यालय शिक्षा साक्षरता तथा औपचारिक शिक्षाको कार्यक्रम समेत संचालन गरी समुदायका सबै पक्षमा गुणात्मक सुधार गर्न मद्दत पुऱ्याउछ । ग्रामिण जनजीवनमा सुधार ल्याउन स्थानीय समुदायलाई नै अग्रसर हुन् पाउने वातावरण तयार पारेर मात्र गाउँ शिक्षा योजना निर्माणका सदस्य बनाउनु पर्दछ । विकास निर्माणमा स्थानीय जनसहभागिताले गरीबी निराकरणमा समेत सहयोग पुग्दछ । त्यसैले स्थानीय चासोको विषयमा स्थानीय सहभागिता अपरिहार्य हुन्छ । यसै कारणले गर्दा समुदाय तहमा गाउँ शिक्षा योजना निर्माण गर्नु पर्दछ ।

पराजुली (२०६२) का अनुसार शैक्षिक विकेन्द्रीकरण बालबालिकाका कक्षा कोठा, विद्यालय र स्थानीय सरोकारवालाहरुको नजिकमा निर्णय गर्ने अधिकार हुनु अपरिहार्य हुन्छ । विद्यालयको श्रोत साधन माथि कस्को नियन्त्रण छ ? आर्थिक तथा मानवीय श्रोत जुटाउने र परिचालन गर्ने सम्बन्धमा कसले निर्णय गर्दछ ? भन्ने कुराले विद्यालय व्यवस्थापन केन्द्रीत वा विकेन्द्रीत कुन ढंगले चलेको छ भन्ने कुरा प्रष्ट हुन्छ । विकेन्द्रीकरणका विभिन्न स्वरुप मध्ये स्थानीय निकायलाई अधिकार सम्पन्न गराउने सवाल निरुपण अन्तरगत पर्दछ । यो स्वरुप अनुसार जननिर्वाचित निकायहरुलाई उनीहरुको कार्यक्षेत्र भित्रका शिक्षण संस्थाहरुको व्यवस्थापन गर्ने अधिकारले सम्पन्न गराइएको हुन्छ ।

अर्याल (२०६२) का अनुसार स्थानीय समुदायलाई विद्यालय प्रति उत्तरदायी र जिम्मेवार बनाउन विकेन्द्रीकरण आवश्यक छ । स्थानीय जनतामा विकास प्रतिको

अपनत्वको भावना जाग्रित हुने गरी अधिकार सम्पन्न बनाउनु नै विकेन्द्रीकरणको अभिप्राय हो । यसो भए मात्र शैक्षिक गुणस्तर अभिवद्धी, योजना निर्माण तथा कार्यान्वयनमा जनसहभागिता वृद्धि हुन्छ । विद्यालयको व्यवस्थापन पक्ष निकै कमजोर रहेको छ । शैक्षिक व्यवस्थापनमा उत्तरदायी भावनाको अभाव छ । विकेन्द्रीकरण व्यवहारिक रुपमा लागू हुन सकिरहेको छैन् । तसर्थ विद्यालयको व्यवस्थापन स्थानीय जनतालाई सुम्पनु आवश्यक छ । भौतिक व्यवस्थापन, फर्निचर तथा अन्य पूँजीगत खर्चका लागि चाहिने सम्पूर्ण रकम स्थानीय श्रोत समेत परिचालन गरी सेवाग्राहीको शिक्षामा पहुँच वृद्धि गर्नकालागि सरोकार पक्षहरुको योजना निर्माण र कार्यान्वयनमा सहभागिता वृद्धि गर्न , सेवा प्रदायकलाई सेवाग्राही प्रति उत्तरदायी बनाउन सेवाग्राहीमा अपनत्व भावको विकास गराउन, अनुगमन प्रभावकारी बनाउन, शैक्षिक क्रियाकलाप संचालनलाई प्रभावकारी बनाउन, श्रोत संकलन र परिचालन सम्बन्धी निर्णय लिन र सबैलाई गुणस्तरीय शिक्षा प्रदान गर्न विकेन्द्रीत शैक्षिक योजना निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ ।  त्यसै गरी समाजको भूमिकालाई शिक्षा क्षेत्रमा नीति निर्माण गर्न कार्यन्वयन गर्न र अनुगमन गर्न पाउने अधिकारलाई सुनिश्चितता प्रदान गरी शैक्षिक विकासमा सहभागि गराउनु पनि हो ।

शिक्षा सम्बन्धी उच्च स्तरीय कार्यदलको प्रतिवेदन २०५५ अनुसार पूर्व प्राथमिक शिक्षालाई देशव्यापी रुपमा लागु गर्न स्थानीय निकाय अभिभावक र गैह्र सरकारी संस्थाहरुलाई संलग्न गराउने र जि.वि.स. ⁄ न.पा. ⁄ गा.वि.स. जस्ता निकायहरुले आफ्नो कुल बजेटको कम्तीमा १०% लगानी शिक्षा क्षेत्रमा गर्नु पर्ने उल्लेख छ । त्यसैगरी २०५३ को उच्च स्तरीय विकेन्द्रीकरण समितिको प्रतिवेदनले स्थानीय निकायहरुलाई शिक्षा सम्बन्धी विशेष अधिकार सुम्पनु पर्ने सुझाव पनि दिएको थियो । त्यसैक्रममा विद्यालय संचालन, नियन्त्रण र विद्यालय शिक्षाको विकास गर्ने शिक्षा ऐन सातौं संसोधन २०५८ ले गा.वि.स. अध्यक्षको अध्यक्षतामा गाउँ शिक्षा समिति गठन गर्नु पर्ने सुझाव राखेको थियो । त्यसैगरी सार्वजनिक विद्यालय खोल्न चाहने कुनै पनि गा.वि.स. वा न.पा. ले शिक्षा मन्त्रालय समक्ष विद्यालय संचालनका लागि आवेदन गरेमा मन्त्रालयद्वारा स्वीकृति प्रदान गर्न सक्ने व्यवस्था शिक्षा नियमावली २०५९ ले गरेको छ ।

पाठ्यक्रम विकास केन्द्र (२०६८) अनुसार शैक्षिक प्रणालीको सफलताका लागि समुदायमा तथा विद्यालयहरु वीचको सकारात्मक अन्तरसम्बन्धलाई आवश्यक पूर्वाधारका रुपमा लिइन्छ । अझ प्राथमिक शिक्षाको विश्वव्यापिकरण तथा सबैका लागि शिक्षा जस्ता

कार्यक्रमहरुको सफलताका लागि समुदाय तथा विद्यालयको अन्तरसम्बन्ध अपरिहार्य हुन्छ । नेपालमा शैक्षिक विकेन्द्रीकरणको प्रयासको थालनी नयाँ शिक्षा पद्धतिको योजना २०२८ पूर्व देखि नै भएको थियो । तर नयाँ शिक्षा पद्धतिको योजनाले शिक्षालाई केन्द्रिकृत गऱ्यो । विश्वव्यापी लहर सँगै वढ्दै आएको विकेन्द्रीकरणको प्रभाव स्वरुप २०४६ को जनआन्दोलन पछि शैक्षिक विकेन्द्रीकरणले प्राथमिकता पायो । जसको फलस्वरुप शिक्षा प्रशासन तथा व्यवस्थापनलाई समुदायमा आधारित हुनेगरी विकसित गरियो । यस क्रममा विद्यालय व्यवस्थापन समितिलाई वढी जिम्मेवार बनाइयो । स्थानीय स्वायत्त शासनको अवधारणालाई कार्यान्वयनमा ल्याएपछि शैक्षिक विकेन्द्रीकरण पनि प्राथमिकता प्राप्त क्षेत्र भित्र पऱ्यो । र गा.वि.स. लाई पूर्व प्राथमिक तहको विद्यालय व्यवस्थापन गर्ने अधिकार स्थानीय स्वायत्त शासनले प्रदान गऱ्यो । समुदायमै आधारित विद्यालय सञ्चालन तथा व्यवस्थापन नीति तथा कार्यक्रम पनि कार्यान्वयनमा आए । त्यसै गरी केन्द्रिय बजेटलाई कटौती गरी करिव ८० प्रतिशतको हाराहारीमा जिल्ला तहमा शिक्षा बजेट विनियोजन गर्न थालियो । यो कार्यक्रमलाई विकेन्द्रीकृत गर्न विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना तथा जिल्ला शिक्षा योजनाको व्यवस्था गरी आर्थिक, प्रशासनिक, शैक्षिक तथा व्यवस्थापकीय पक्षहरु सहितको शैक्षिक  विकेन्द्रीकरण कार्य हुदै आएका छन् ।

योजना भनेको एउटा यस्तो अग्रमुखी प्रक्रिया हो जुन कुनै निश्चित समयावधिभित्र पुर्वनिर्धारित लक्ष्य प्राप्तिका लागि क्रियाशील रहन्छ । यसरी नै शिक्षा योजना भनेको उपलब्ध साधनहरुको अनुकुलतम उपयोगको माध्यमबाट एउटा तोकिएको समयावधि भित्र शैक्षिक लक्ष्य तथा उद्देश्य हासिल गर्न भविष्यमा गरिने कार्यका लागि निर्देशित रहनु हो । नेपालको शैक्षिक व्यवस्थापनमा विकेन्द्रीकरणको भावना अनुरुप विभिन्न योजनाहरु बन्ने गरेका छन् । जस अन्तर्गत गाउँ शिक्षा योजना पनि पर्दछ । गाउँ विकास समिति क्षेत्रमा शैक्षिक सुधारका निम्ति उपलब्ध स्थानीय श्रोत र प्राप्त हुने अन्य स्रोतको सदुपयोग गरी स्थानीय सरोकारवालाहरुको सहभागितामा तयार गरिने शैक्षिक योजनालाई गाउँ शिक्षा योजनाको रुपमा लिइन्छ । गाउँ शिक्षा योजनाले गा.वि.स.क्षेत्रभित्रका सबै प्रा.वि. उमेरका समूहका वालवालिकाहरुलाई विद्यालयमा पहुँचको सुनिश्चितता गर्ने उद्देश्य राख्छ । यसका अतिरिक्त यस्ता वालवालिकाहरुले प्राप्त गर्ने शिक्षा गुणस्तरयुक्त बनाउन विद्यालयमा भर्ना भएका सबै बालवालिकाहरुलाई विद्यालय शिक्षा पूरा गर्ने अवस्था सिर्जना गर्ने तर्फ पनि गाउँ शिक्षा योजना केन्द्रित रहन्छ । हाल मुलुकमा विद्यमान शिक्षा ऐन नियमले गाउँ

विकास समिति स्तरमा शिक्षा योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने सम्बन्धमा मार्गदर्शन समेत गरेका छन् । गाउँ शिक्षा योजनाले गा.वि.स.क्षेत्र भित्रको शिक्षालाई सर्वसुलभ बनाउने प्रयत्न गर्छ । स्थानीय तहको विकासमा जोड दिन्छ । त्यसै गरी गा.वि.स.क्षेत्र भित्र सञ्चालित विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा सहयोग गर्छ । यो योजना निर्माण प्रक्रिया स्थानीय सरोकारवालाहरुको सहभागितामा हुने भएकाले शैक्षिक कार्यक्रमलाई स्थानीय आवश्यकता सँग सान्दर्भिक बनाउन पनि गाउँ शिक्षा योजनाले थप मद्दत पुऱ्याउँछ ।

सबैलाई समान रुपमा शैक्षिक अवसरको सिर्जना र परिपूर्ति गर्ने कार्य राज्यस्तरबाट मात्र सम्भव नहुने हुँदा शिक्षाका अवसरलाई घरघरमा पुऱ्याउन शिक्षामा विकेन्द्रीकरण आवश्यक हुन्छ । शिक्षामा विकेन्द्रीकरण भनेको शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी स्थानीय निकाय वा समुदायमा पुऱ्याउने कार्य हो । शैक्षिक विकासका कार्यक्रममा स्थानीय निकाय र समुदायलाई वढि भन्दा वढि सहभागी गराई जिम्मेवार बनाउन गा.वि.स.हरुलाई शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी दिइएको छ । स्थानीय स्वायत्त शासन ऐन अनुसार गाउँ विकास समितिको शिक्षा विकास सम्बन्धी काम, कर्तव्य र अधिकार निम्न अनुसार व्यवस्था गरिएको छ ।

१. आफ्नो स्रोतबाट पूर्व प्राथमिक विद्यालयहरु स्थापना गर्ने, स्थापना गर्न अनुमति दिने तथा सञ्चालन र व्यवस्थापन गर्ने ।
२. गाउँ विकास क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्ने ।
३. गाउँ विकास क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।

माथि उल्लेखित व्यवस्था अनुसार हरेका गा.वि.स.ले आफ्नो गाउँ विकास क्षेत्र भित्र शिक्षा विकासको कार्य गर्नु उनीहरुको कर्तव्य हो । विकेन्द्रीकरणको मर्म र अवधारणा अनुसार पनि स्थानीय स्तरका हरेक प्रकारका विकास निर्माणका जिम्मेवारी स्थानीय निकायबाटै निर्वाह हुनुपर्दछ ।

नेपालको अन्तरिम संविधान २०६३ अनुसार स्थानीय स्तरदेखि नै जनताको सार्वभौम सत्ताको प्रयोग गर्ने अनुकुल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको वढी भन्दा वढी सहभागिता प्रवर्द्धन गर्न र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन

तथा लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको निर्वाचन गरीने छ ।

दाहाल (२०६५) का अनुसार स्थानीय विकासका लागि स्वायत्त शासन सम्बन्धी निकायलाई सक्षम बनाउन साधन र श्रोतको परिचालन, विनियोजन र विकासको सन्तुलित तथा न्यायोचित वितरणमा समानता कायम राखी स्थानीय स्तरका योजनाको पहिचान, तर्जुमा र कार्यान्वयनमा सम्बन्धित स्थानीय स्वायत्त शासन सम्बन्धी निकायलाई नै जवाफदेही बनाउन कानुनमा व्यवस्था भए वमोजिम नेपाल सरकार र स्थानीय स्वायत्त शासन सम्बन्धी निकाय वीच जिम्मेवारी र राजश्व परिचालन तथा बाँडफाँड हुनेछ ।

विकेन्द्रीकरणको जनसहभागिता र स्वामित्व वोध सम्बन्धी मान्यता अनुसार विकेन्द्रीकरणले स्थानीय स्तरका विकासका योजना, कार्यान्वयन र प्रतिफल बाँडफाँड, नीति, निर्माण र निर्णय प्रकृयामा विभिन्न वर्ग जात, लिङ्ग, स्थान र क्षेत्रको समावेशी चरित्रको सकृय एवं सृजनात्मक सहभागिता हुनु पर्दछ । स्थानीय श्रोत साधन र तिनको प्रतिफल तथा कार्य एवं जिम्मेवारीहरुमा स्थानीय नागरिकको स्वामित्ववोध हुनु विकेन्द्रीकरणको सफलताका लागि अपरिहार्य हुन्छ । सहभागिताले स्वामित्वभाव विकास गर्न र स्वामित्वभावले सहभागिताका लागि अभिप्रेरित गर्नेहुँदा स्वामित्ववोध र सहभागिता एक अर्कामा सम्बन्धित हुन्छन् ।

## २.२. सैद्धान्तिक खाका

प्रस्तुत अध्ययन गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई वैद्य र विश्वसनीय बनाउन निम्न लिखित पूर्वस्थापित सिद्धान्तहरुलाई आधार बनाइएको छ ।

फोलेट,  का अनुसार, सम्पर्क कायम गरी मानव सम्बन्धको विकास गर्न सकिन्छ । सम्बन्धित पक्षहरु बीचको प्रत्यक्ष सम्पर्कबाट काम गर्ने तरिकाका बारेमा बोध हुन्छ । नजानेका, शंका लागेका र अस्पष्ट भएका कुराहरुमा संचार सम्पर्कबाट मानवीय सम्बन्ध स्थापित गरिनु पर्छ । संघ संस्थामा योजना नीति निर्माण र संगठन निर्माण सँग समन्वयका कार्यहरु पनि निरन्तररुपमा गर्नु पर्दछ । यसले व्यक्तिमा अभिप्रेरणा उत्साह र सकारात्मक भावनाको विकास हुन्छ । सबै साधन र श्रोतहरुलाई सामुहिक उद्देश्य प्राप्तीका लागि प्रयोग गरेमा उत्पादन बढ्दछ (कोइराला, २०६६ बाट उदृत) ।

चेस्टर आइ बर्नाड का अनुसार प्रशासन व्यवस्थापनलाई व्यावहारवादी विज्ञानका रुपमा हेरिनु पर्छ । कामदारका सामाजिक, मनोवैज्ञानिक एवं व्यवहारिक अध्ययनबाट मात्र प्रशासनमा प्रभावकारिता आउछ । संगठनका आधारभूत उद्देश्यहरु पूरा गर्नकालागि विभिन्न समुदाय तथा समाजका व्यक्तिहरु संगठनमा कार्यरत हुन्छन् । एक्लैले हासिल गर्न नसकेका लक्ष्य र उद्देश्यहरु हासिल गर्न नै व्यक्तिहरु संगठनमा आवद्ध हुने हुनाले संगठनात्मक लक्ष्यलाई व्यक्तिको व्यक्तिगत लक्ष्य सँग सन्तुलन गर्न सके संगठन कुशलतापूर्वक चल्न सक्छ (कोइराला, २०६६ बाट उदृत) ।

पर डलिन का अनुसार विकेन्द्रीकरण भन्नाले केन्द्रमा एकिकृत भएर रहेको अधिकारलाई तल्लो तह सम्म निरुपण गर्नुलाई बुझाउछ । जसमा नीति निर्माण गर्ने अधिकार पनि तल्लो तहलाई नै प्राप्त हुन्छ । यसरी नीति निर्माण गर्ने अधिकार समेत स्थानीय समुदायलाई हस्तान्तरण गर्नाले विद्यालयहरुमा श्रोत र साधनको समेत समुचित व्यवस्थापन हुन गई शैक्षिक गुणात्मकता आउन सक्दछ (के.सी. नारायणी, २०६५ बाट उदृत) ।

एफ.डब्ल्यू टाइलर का अनुसार, वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढंगले जान्ने कला हो (काफ्ले, श्रेष्ठ, सिंहा २०६० बाट उदृत) ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत सिद्धान्तहरु र साहित्यहरुले जिल्लामा गाउँ शिक्षा समिति गठनको अवस्था कस्तो छ सो को पहिचान गर्न, गठित गाउँ शिक्षा समितिहरुद्वारा गाउँ शिक्षा योजना निर्माणको अवस्था पहिचान गर्न, योजना कार्यान्वयन प्रभावकारीता हेर्न, गाउँ शिक्षा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा स्थानीय समुदायको सहभागिता एवं सकृयतावारे यथार्थता हेर्न, गठन देखि अनुगमन तथा मूल्याङ्कन सम्मको क्रममा देखा परेका समस्याहरु केलाउन, समस्याहरु आउनुका कारणहरु पत्ता लगाउन र सरोकार पक्षहरुलाई सुझाव प्रदान गर्नका लागि आवश्यक सहयोग पुऱ्याएको छ । स्थानीय आवश्यकताहरुलाई सही रुपमा सम्बोधन गर्न शिक्षामा विकेन्द्रीकरणको आवश्यकता हुन्छ, विकेन्द्रीकरणको माध्यमबाट स्थानीय क्षमता अभिवृद्धि गरी सहभागिता समेत अभिवृद्धि गर्न सकिन्छ भन्ने

कुरामा सम्बन्धित साहित्यले जोड दिएको छ । त्यसका साथै कुनै पनि योजनाको कार्यान्वयन प्रभावकारी बनाउनका लागि जनसहभागिता अपरिहार्य रहेको यथार्थतालाई पुष्टि गर्न पनि सम्बन्धित साहित्यले सहयोग पुऱ्याएको छ । योजना माथिबाट तल नभएर तलबाट माथि भन्ने आधुनिक मान्यता, विकेन्द्रीकरण र त्यसका मान्यताहरु जस्ता कुराले गाउँ शिक्षा योजना निर्माण त्यसको कार्यान्वयन प्रभावकारीता जिल्ला शिक्षा योजना निर्माणको आधारशिला हो भन्ने कुरा सिद्धान्तहरु र साहित्यहरुले स्पष्ट बनाएको छ । त्यसैगरी गाउँ शिक्षा योजना शिक्षा योजना निर्माण देखि मूल्याङ्कन अनुगमन सम्मका सवै तहमा देखा परेका समस्याहरु, कमीकमजोरीहरु र समस्या तथा कमीकमजोरी हटाउनका लागि आवश्यक सुझावहरु निर्माण गर्न पनि सिद्धान्तहरु र साहित्यहरुले सहयोग पुऱ्याएको छ । समग्रमा सिद्धान्तहरु र सम्बन्धित साहित्यहरुले सिंगो शिक्षा विकासका लागि मार्गदर्शन समेत गरेको छ ।

## परिच्छेद तीन : अध्ययन विधि

### ३.१ अनुसन्धानात्मक ढाँचा

गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनले गा.वि.स.र विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा पारेको प्रभाव हेर्न गुणात्मक, परिमाणात्मक र वर्णनात्मक ढाँचालाई अवलम्बन गरिएको छ ।

### ३.२ जनसंख्या

प्रस्तुत शोधपत्रका लागि सङ्खुवासभा जिल्ला नि.क्षे.नं.२ अन्तर्गतका १५ वटा गा.वि.स.मा गठित गाउँ शिक्षा समितिहरु र सरोकारवालाहरु यस अध्ययनको जनसंख्याको रुपमा रहेका छन् ।

### ३.३ नमुना छनौट

यो अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न ५ वटा स्रोतकेन्द्रका स्रोतव्यक्तिहरु, ५ वटा गाउँ शिक्षा समितिका अध्यक्षहरु, ५ वटा विद्यालयका प्र.अ.हरु र ५ वटा वि.व्य.स.का अध्यक्षहरु क्रमश ५, ५, ५, ५ जनाका दरले नमूनाको रुपमा लिइएको छ । त्यसै गरी प्रति गा.वि.स. २ जनाका दरले १०/१० जना अभिभावकहरु र शिक्षकहरुलाई समेत यस अध्ययनको नमुनाको रुपमा छनौट गरिएको छ । यही प्रयोजनका लागि जि.शि.अ. र स्थानीय विकास अधिकारीलाई पनि लिइएको छ ।

### ३.४ अनुसन्धानका साधनहरु

यस अध्ययनका लागि सूचना संकलनका साधनहरु देहाय अनुसार छनौट गरिएको छ ।

(क) प्रश्नावली - जि.शि.अ., स्थानीय विकास अधिकारी, प्रधान अध्यापक, गा.वि.स.का अध्यक्ष, शिक्षक, अभिभावकहरुका लागि ।

(ख) अन्तर्वाता सूची - जि.शि.अ., स्थानीय विकास अधिकारी, प्रधान अध्यापक, गा.वि.स.का अध्यक्ष, शिक्षक, अभिभावकहरुका लागि ।

माथिका दुवै अनुसन्धानका साधनहरुलाई गाउँ शिक्षा समिति गठन, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको अवस्था पत्ता लगाइ यो शिलसिलामा देखा परेका कठिनाईहरु पहिचान गरी सम्वद्ध पक्षलाई आवश्यक सुझाव दिन प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्कको स्रोत

यस अध्ययनलाई अगाडि बढाउन देहायका स्रोतहरु प्रयोग गरिएको छ ।

(क) प्राथमिक स्रोत :- अन्तरवार्ता सूची र प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतको रुपमा लिइएको छ ।

(ख) द्वितीय स्रोत :- शोधपत्र, पुस्तक, पत्रपत्रिका, अनुसन्धानात्मक लेख रचना आदिलाई द्वितीय स्रोतको रुपमा लिइएको छ ।

**३.६ तथ्याङ्क सङ्कलन विधि**

अन्तर्वार्ता सूची र प्रश्नावलीलाई यो अध्ययनको लागि तथ्याङ्क संकलन विधिको रुपमा प्रयोग गरीएको छ ।

**३.७ तथ्याङ्क विष्लेषण विधि**

यस अध्ययनलाई अगाडि बढाउन वर्णन र व्याख्याको प्रयोग गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अनुसन्धानमा गा.वि.स.हरुमा गाउँ शिक्षा योजना निर्माणको वर्तमान अवस्था, गाउँ शिक्षा योजनावारे सर्वसाधारणमा भएको जानकारी, गाउँ शिक्षा समितिद्वारा योजना कार्यान्वयनको प्रभावकारीता, योजना निर्माणमा ऐन नियम अनुरुप स्थानीय सहभागिता भए नभएको वास्तविकता, योजना कार्यान्वयनमा स्थानीय अभिरुची र सहभागिताको अवस्था, गाउँ शिक्षा समितिका वैठकहरु बसाइ र त्यस मार्फत भएका निर्णयहरु कार्यान्वयन भए नभएको यथार्थता, कार्यान्वयन पश्चात त्यसले स्थानीय आवश्यकताहरुको सम्बोधन भए नभएको, शिक्षा योजना निर्माणमा र कार्यान्वयनमा देखा परेका समस्याहरु लगायतका पाटा र पक्षलाई अन्तरवार्ता, प्रश्नावली, छलफल र अन्तरक्रियाका माध्यमबाट प्राप्त सूचना र तथ्याङ्कहरुलाई निम्न बुँदाका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ४.१ गाउँ शिक्षा योजना निर्माण प्रक्रिया

गाउँ शिक्षा योजना कार्यान्वयन शीर्षकको यो अध्ययनलाई पूरा गर्ने सन्दर्भमा नमुना छनौटमा परेका सरोकार पक्षहरुलाई अन्तर्वार्ता सूची तथा प्रश्नावलीको सहायताबाट विभिन्न प्रश्नहरु मार्फत जिज्ञाशा राखी तिनीहरुको व्याख्या तथा विश्लेशण गरी गाउँ शिक्षा योजना निर्माण प्रक्रिया सम्बन्धमा भएको वास्तविक अवस्थाको जानकारी लिने कार्य गरिएको छ ।

### ४.१.१ गाउँ  शिक्षा समिति गठनको अवस्था

शिक्षा नियमावली २०५९मा व्यवस्था भए अनुसार शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी बनाउन प्रत्येक गाउँ विकास समितिहरुले गाउँ विकास समितिका अध्यक्षहरुको अध्यक्षतामा गाउँ शिक्षा समिति बनाउनु पर्छ र उक्त गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना बनाई आ-आफ्नो गाउँ क्षेत्रमा त्यसको कार्यान्वयन गर्नुपर्दछ । गाउँ शिक्षा योजना प्रभावकारी छ की छैन भन्ने कुरा थाहा पाउन सबैभन्दा पहिले ऐन नियममा व्यवस्था भए अनुसार गाउँ विकास समितिहरुले गाउँ शिक्षा समिति गठन गरे नगरेको अवस्थाको वारेमा प्रष्टहुनु पर्ने भएकाले यस सम्बन्धमा  नमुना छनौटमा परेका सरोकार पक्षलाई प्रश्नावली तथा अन्तर्वार्ता सूचीमा उल्लेखित अनुसूची ...........अनुसार जिज्ञासा राख्दा उनीहरुको प्रतिक्रिया निम्नानुसार प्राप्त भएको छ ।

गा.वि.स. हरुमा नियमावली अनुसार गाउँ शिक्षा समिति गठन भएको छ ?

यस प्रश्नको उत्तरमा सबै गा.वि.स.अध्यक्षहरुले अर्थात नमुना छनोटमा परेका ५ गा.वि.स.अध्यक्षहरुले गाउँ शिक्षा समिति गठन गरिएको बताएका छन् । यस तथ्याङ्कलाई आधार बनाइ विश्लेशण गर्दा गाउँ शिक्षा योजना कार्यान्वयनका लागि पहिलो सर्त गाउँ शिक्षा समिति गठन गर्नु नै हो र यो काम पूरा गरेको देखिएको छ । यसले शिक्षा विकेन्द्रीकरण गर्ने क्रममा सबै गा.वि.स.हरु लागेको पाइएको छ । यो शिक्षामा विकेन्द्रिकरण गर्ने सवालमा सकारात्मक कदम हो ।

यसै सम्बन्धमा प्र.अ., स्रोत व्यक्ति, शिक्षकहरु र स्थानीय अभिभावकहरु सँग जिज्ञासा राख्दा नमुना छनोटमा परेका सबै प्र.अ.हरुले आ-आफ्नो गा.वि.स.मा गाउँ शिक्षा समिति गठन भएको वताएका छन् । त्यसै गरी ५ वटै स्रोतकेन्द्रका स्रोतव्यक्तिहरुले पनि गाउँ शिक्षा समिति गठन भएको वताएका छन् । यसै सन्दर्भमा राखिएको जिज्ञासामा जि.शि.अ. र स्थानीय विकास अधिकारीले भने जिल्लाका ३३ गा.वि.स.१ न.पा. मध्ये दूर्गम भेकका १० वटा गा.वि.स.हरुले नियमित रुपमा गा.शि.स.गठन गरेका छैनन् । बाँकी १ न.पा. र अन्य गा.वि.स. हरुमा भने नियमित रुपमा गा.शि.स. गठन भएका छन् भनी वताएका छन् । त्यसै गरी स्थानीय अभिभावकहरु (नमुना छनौटमा परेका) १० जना मध्ये ४ जनाले आफूहरुलाई गा.शि.स. गठन वारे केही पनि थाहा नभएको वताएका छन् भने ६ जनाले गा.शि.स. गठन भएको थाहा भएको वताएका छन् । त्यसका साथै नमुना छनोटमा परेका १० जना शिक्षकहरु मध्ये ८ जनाले आफूहरु समेत उपस्थित भइ गा.शि.स. गठन भएको वताए भने २ जनाले भने आफूहरुलाई थाहा नभएको वताएका छन् । यसरी गाउँ शिक्षा समिति गठन गर्ने काम सरोकार पक्षको वीचमा सूचना व्यापक रुपमा पुग्न नसकेको र व्यापक सरोकार पक्षका वीचबाट गाउँ शिक्षा समिति गठन गरिएको होकी भन्ने प्रश्न उठ्न सक्छ ।

समग्रमा गाउँ शिक्षा समिति गठन पूर्ण रुपमा हुन नसके पनि अधिकांस गा.वि.स.मा गठन भएकोबाट शिक्षा विकेन्द्रीकरणको प्रारम्भ भने सन्तोषप्रद रुपमा नै रहेको प्रष्ट हुन आउँछ । त्यसका साथै बाँकी रहेका गा.वि.स.मा पनि अनिवार्य रुपमा गाउँ शिक्षा समिति गठन गरी तिनीहरुको प्रभावकारी परिचालन समेत गर्नु गराउनु पर्ने आवश्यकता समेत देखिएको छ ।

### ४.१.२ गाउँ शिक्षा समिति गठनमा स्थानीय सरोकारपक्षको सहभागिता

विकेन्द्रीकरणको अर्थ नै योजना निर्माणमा र कायान्वयनमा सरोकारपक्षलाई सहभागी बनाई उनीहरुको समता अभिवृद्धि गर्नुको साथै उनीहरुमा अपनत्वभावको विकास गर्नु हो । स्थानीय सरोकार पक्षको सहभागिता विना निर्मित योजना कार्यान्वयनमा कठिनाई अपनत्व भावको विकास नहुने र विकेन्द्रीकरणको मर्मको प्रतिनिधित्व पनि नहुने जस्ता समस्याहरु आउँछन् । त्यसैकारणले योजना निर्माणको सवालमा नमुना छनोटमा परेका सरोकार पक्षहरुलाई जिज्ञासा राख्दा उनीहरुबाट प्राप्त प्रतिक्रिया निम्नानुसार रहेको छ ।

नमुना छनोटमा परेका १० जना स्थानीय अभिभावकहरुलाई गाउँ शिक्षा समिति गठन गर्दा तपाईहरुलाई समेत राखिएको थियो कि गठन गरेपछि मात्र जानकारी गराइएको हो भनी जिज्ञासा राख्दा उनीहरु मध्ये ५ जना अर्थात ५० जनाले हामी लगायत अर्के स्कूलका अभिभावकहरुलाई पनि बोलाईको थियो भन्ने जवाफ दिएका थिए भने ५ जना अर्थात बाँकी ५०% अभिभावकहरुले चाँही हामीहरुलाई डाकिएन तर गाउँ शिक्षा समिति गठन भएको कुरा गा.वि.स.अध्यक्ष, प्र.अ. र स्रोत व्यक्तिबाट थाहा पाएको बताएका छन् ।

यो तथ्याङ्क विश्लेषण गर्दा नमुना छनौटमा परेका गा.वि.स.का अभिभावकहरुको योजना निर्माणमा सहभागिता ५०% मात्र देखिन्छ । ५०% अभिभावकहरुको योजना निर्माणमा सहभागिता देखिदैन । यसले शैक्षिक विकेन्द्रीकरण अन्तर्गत योजना निर्माण गर्दा स्थानीय सहभागिता अपरिहार्य हुन्छ अर्थात स्थानीय सहभागिताको वीचबाट मात्र योजना तर्जुमा गर्नु पर्छ, निर्णय लिनु पर्छ भन्ने मान्यतालाई पूर्णरुपमा अंगिकार गर्न नसकिएको कुरा प्रष्ट हुन्छ । त्यसका साथै स्थानीय समुदायको विकास प्रतिको अपनत्वको भावना जागृत गराउन समेत योजना निर्माणमा स्थानीय सहभागिताको अपरिहार्य हुन्छ भन्ने मान्यतालाई पनि कार्यरुप दिन नसकेको पाइयो । तसर्थ अव योजना निर्माणमा सहभागी गराउन नसकिएको ५०% अभिभावकलाई समेत सहभागी बनाउने वातावरण निर्माण गर्नु आवश्यक देखिन्छ ।

### ४.१.३. गा.शि.स. गठनमा अन्य सरोकार पक्षको सहभागिता

योजना निर्माण गर्ने कुरा कुनै एउटा व्यक्ति वा पक्षबाट मात्र सम्भव हुदैन । एक्लैले हासिल गर्न नसकेका लक्ष्य र उद्देश्यहरु संगठनमा आवद्ध व्यक्तिहरुको सहभागिताबाट मात्र पूरा गर्न सकिन्छ । योजना कार्यान्वयनको सफलता योजना निर्माणमा हुने सरोकारपक्षको सहभागितामा निर्भर हुन्छ । तसर्थ योजना निर्माणको सवालमा शिक्षक, प्रधानाध्यापक र श्रोत व्यक्तिहरुलाई सोधिएको प्रश्नमा उनीहरुबाट प्राप्त प्रतिक्रिया निम्नानुसार प्राप्त भयो ।

गाउँ शिक्षा समिति गठनमा तपाईको सहभागिता कस्तो रहन्छ ? भनी गरिएको प्रश्नमा नमुना छनोटमा परेका ५ जना स्रोत व्यक्तिहरु मध्ये ४ जनाले अर्थात ८०% ले आफूहरु सहभागी भएको बताए भने १ जना अर्थात २०% स्रोतव्यक्तिले विशेष परिस्थितिका कारण आफू गा.शि.स. गठनमा १ पटक सहभागी बन्न नसकेको बताएका छन् । त्यसै गरी १० जना शिक्षकहरुलाई ऐ. जिज्ञासा राख्दा ६ जना सहभागी बनेको तर ४ जना सहभागी बन्न नसकेको बताएका छन् । सहभागी हुन नसकेको वा नभएको कारण वारे जिज्ञासा राख्दा उनीहरुले सूचना नपाएको, सूचना ढिलो पाएको, स्कूल लागेको समय भएकोले आफू जान नपाएको जस्ता कारणहरु उल्लेख गरेका छन् ।

ऐ. प्रश्न नमुना छनोटमा परेका ५ जना प्र.अ.हरुलाई राख्दा ४ जना अर्थात ८०% प्र.अ.ले आफ्नो सहभागिता गा.शि.स. गठनमा भएको वताएका छन् भने १ जना अर्थात २०% प्र.अ.ले आफू त्यसताका गा.वि.स.भन्दा बाहिर जानु परेकाले सहभागिता बन्न नसकेको बताएका छन् ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा योजना निर्माणमा देखिएको सरोकारपक्षको यो सहभागिता स्थानीय सरोकारवालाहरुको तुलनामा राम्रो देखिएता पनि सम्बन्धित पक्षहरु वीचको समन्वय र सम्पर्कको अभावबाट यस्तो अवस्था आएको हुन सक्ने कुरा प्रष्ट हुन्छ । त्यसका लागि योजना निर्माणमा सहभागी हुन नसकेका सरोकारपक्ष वीचमा पनि समन्वय गरी उदेश्य हासिल गर्नका लागि थप सहयोग प्राप्त गर्नुपर्ने देखिन्छ । स्वामित्व वोध र सहभागिता एक अर्काका सम्बन्धित कुराहरु हुन । योजना निर्माणमा सहभागी गराउनु भनेको उनीहरुमा स्वामित्व वोधको विकास गराउनु हो । यसो भएमा योजना कार्यान्वयनमा सकारात्मक प्रभाव पर्नुको साथै विकेन्द्रीकरणको जनसहभागिता र स्वामित्व वोधको मान्यता समेत व्यवहारमा रुपान्तरण हुन सक्छ । त्यसका लागि योजना निर्माणमा यी पक्षहरुको अनिवार्य सहभागिता आवश्यक हुन्छ । त्यसका साथै यी सरोकार पक्षका वीचमा सघन रुपमा समयमै सूचना प्रवाह गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यसका लागि गा.वि.स.ले यो पक्षमा विशेष ध्यान पुर्‍याउनु पर्ने आवश्यकता देखिन्छ । यसो भएमा सबै सरोकार पक्षको योजना निर्माणमा सहभागिता बढ्न गई योजना कार्यान्वयन मा सकारात्मक प्रभाव पर्छ

**४.१.४. गाउँ शिक्षा योजना निर्माणको अवस्था**

योजना निर्माण निर्दिष्ट प्रक्रियाबाट गरिएमा मात्र कार्यान्वयन पक्ष पनि प्रभावकारी हुन गई स्थानीय पक्षले आफ्ना समस्याहरु हल भएको र आफूहरु समस्या मुक्त भएको महसुस गर्दछन् अर्थात स्थानीय समस्याहरु यथोचित रुपमा सम्बोधन भएको मानिन्छ । तसर्थ योजना निर्माण नै विकेन्द्रीकरणको भावना अनुरुप स्थानीय र अन्य सरोकार पक्षहरुको व्यापक सहभागिता वीचबाट बन्न आवश्यक हुन्छ । तसर्थः यस सम्बन्धमा गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना बनाए नबनाएको, बनाउँदा कुन प्रक्रियाबाट बनाएको छ भन्ने सवालमा स्थानीय अभिभावक, शिक्षक, गा.वि.स. अध्यक्ष, स्रोतव्यक्ति, प्र.अ. तथा जि.शि.अ. र स्थानीय अधिकारीहरु सँग जिज्ञासा राख्दा उनीहरुबाट प्राप्त प्रतिक्रिया निम्नानुसार रहेको छ ।

यस सम्बन्धमा राखिएको प्रश्नको जवाफमा १० जना स्थानीय अभिभावक मध्ये ४ जना अर्थात ४०% अभिभावकहरुले गाउँ शिक्षा योजना बने नबनेको आफूहरुलाई थाहा नभएको बताएका छन् भने ६ जना अर्थात ६०% अभिभावकहरुले योजना निर्माण प्रक्रियामा सहभागि भएको बताएका छन् ।

यस तथ्याङ्कलाई विश्लेषण गर्दा ४०% स्थानीय सहभागिता योजना निर्माणमा नभएकोबाट निर्दिष्ट प्रक्रियालाई योजना निर्माणमा मुखरित गर्न नसकिएको कुरा प्रष्ट हुन्छ । यो पक्षलाई सुधार गरी १००% स्थानीय सहभागिता पुऱ्याउनु आवश्यक देखिन्छ । ६०% स्थानीय सहभागिता योजना निर्माणमा हुनु सकारात्मक पक्ष नै हो तर यो नै पर्याप्त चाँही होइन । तसर्थ गाउँ शिक्षा योजनामा स्थानीय आवश्यकताको सम्बोधन पूर्णरुपमा गराउन सम्बन्धित गा.वि.स.हरुको ध्यान जानु अति आवश्यक देखिन्छ ।

ऐ. सम्बन्धमा योजना निर्माणमा प्र.अ., शिक्षक, स्रोतव्यक्ति र शिक्षकहरुलाई प्रश्न गर्दा ५ जना प्र.अ.मध्ये ३ जना गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना बनाएको र आफूहरु त्यसमा सहभागि भएको बताएका छन् भने २ जनाले गाउँ शिक्षा समिति बनेता पनि गाउँ शिक्षा योजना तर्जुमा गर्ने नगरेको बताएका छन् । त्यसै गरी १० जना शिक्षकहरु मध्ये ५ जनाले गाउँ शिक्षा योजना बन्नेकुरा आफूहरुलाई थाहा भएको र आफूहरु पनि समावेश भएको बताएका छन् भने ५ जनाले योजना बन्दैन भन्ने जवाफ दिएका छन् । यसै सवालमा ५ जना स्रोतव्यक्ति अर्थात १००% स्रोतव्यक्तिहरु मध्ये ३ जनाले योजना बन्ने गरेको र आफूहरु पनि त्यसमा सहभागी भएको बताए भने २ जनाले गाउँ शिक्षा योजना बन्दैनन् र आफूहरुलाई त्यसका लागि डाक्ने गरिदैन भन्ने जवाफ दिएका छन् । यही क्रममा

वि.व्य.स. का अध्यक्षहरु ५ मध्ये ३ जनाले आफूहरु योजना निर्माणमा सहभागी भएको बताएका छन् भने बाँकी २ ले आफूहरु योजना निर्माण प्रक्रियामा सहभागी नबनेको बताएका छन् ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा अझै ४०% प्र.अ.हरु, ५०% शिक्षकहरु र ४०% वि.व्य.स. अध्यक्षहरु योजना निर्माण प्रक्रियामा सहभागी छैनन् । उनीहरुको सहभागिता १००% नपुऱ्याउने हो भने योजना निर्माण प्रक्रिया पूर्ण र प्रभावकारी बन्न सक्दैन र यसको परिणाम पनि सकारात्मक हुन सक्दैन । तसर्थ योजना निर्माण प्रभावकारी र पूर्ण बनाउन गा.वि.स.हरुद्वारा उनीहरुलाई योजना निर्माण प्रक्रियामा सहभागी बनाउन प्रभावकारी कदम चाल्नु आवश्यक देखिएको छ ।

**४.२ गाउँ शिक्षा योजना कार्यान्वयनको प्रभावकारीता :**

योजना निर्माण गर्दैमा त्यसले राखेका लक्ष्य एवं उद्देश्यहरु हासिल हुन सक्दैनन् । योजनाको कार्यान्वयन पक्ष राम्रो हुन सकेमा मात्र उक्त योजनाले मूर्तरुप लिने र यसको प्रभाव पनि दीर्घकालिन बन्न सक्छ । योजनाको कार्यान्वयन पक्ष राम्रो हुने वा नहुने भन्ने कुरा कार्यान्वयनमा जनचासो र सहभागिता कस्तो छ भन्नेमा निर्भर हुन्छ । कार्यान्वयनमा सहभागिता वृद्धि भएको छ भने अपनत्वको भाव विकास भएको हुन्छ भनि किटान गर्न सकिन्छ । यसले योजनालाई दिगो बनाउन मद्दत गर्दछ । कार्यान्वयनको प्रभावकारीताका सम्बन्धमा सरोकार पक्षबाट प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ । योजना निर्माण गर्दा उद्देश्यहरु निर्धारण गरिएका हुन्छन् । ती उद्देश्यहरु हासिल हुन सकेमा मात्र उक्त योजनालाई सफल योजना मानिन्छ । गाउँ शिक्षा योजना विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक पक्षमा सुधार गर्ने र स्थानीय सरोकारवालाहरुको सकृय सहभागितामा निर्णय गर्ने, कार्यान्वयनमा स्थानीय सहभागिता वृद्धि गर्ने, अनुगमन, मूल्याङ्कनमा समेत उनीहरुलाई सरिक गराउने र गाउँ क्षेत्र भित्रका विद्यालयहरुमा शिक्षा विकास गर्ने साथै जिल्ला शिक्षा योजना निर्माणको आधार समेत प्रदान गर्ने उद्देश्यले निर्माण गरिन्छ । तीनै उद्देश्यहरु अनुरुपका उपलब्धीहरु हासिल भए नभएको, विद्यार्थीहरुको उपस्थिति तथा भर्नामा वृद्धि भए नभएको, विद्यालय छाड्ने प्रवृत्तिमा वढोत्तरी वा कमी आएको, विद्यालयको भौतिक तथा शैक्षिक पक्षमा सुधार हुन सकेको छ वा छैन जस्ता पक्षहरुमा जानकारी लिन सरोकार पक्षहरुसँग प्रश्नावली, अन्तर्वाता, खुल्ला प्रश्न आदिको माध्यमबाट प्राप्त सूचक र तथ्यहरुलाई आधार बनाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ शैक्षिक सुधारमा रकम विनियोजन

गाउँ शिक्षा योजना बने पछिका वर्षहरुमा स्वायत्त शासन ऐनले व्यवस्था गरे अनुसारको रकम शिक्षामा विनियोजन गरे नगरेको वारे श्रोतव्यक्ति, प्र.अ., शिक्षक, अभिभावक र गाउँ शिक्षा समितिका अध्यक्षहरुलाई अनुसूची १, २, ३, ४, ५, अनुसार सोधनी हुँदा प्राप्त प्रतिकृया निम्नानुसार रहेको छ ।

यस सम्बन्धमा नमुना छनोटमा परेका ५ जना स्रोत व्यक्ति मध्ये २ जनाले स्थानीय स्वायत्त शासन ऐन २०५५ले व्यवस्था गरे वमोजिम १०% रकम शिक्षा विकासका लागि छुट्याइन्छ र उक्त रकमलाई गाउँ शिक्षा योजनाले तोकेको (तय गरेको) प्राथमिकताको आधारमा निकासा गरिन्छ भन्ने जवाफ दिएका छन् । १ जना स्रोत व्यक्तिले १०% रकमले नपुग भएमा गाउँ परिषदको निर्णय अनुसार थप रकम समेत शिक्षा विकासका लागि निकास हुने गरेको वताएका छन् । तर २ जना स्रोतव्यक्तिले भने गाउँ शिक्षा योजना नै गा.वि.स.ले बनाउदैन । त्यसकारण शिक्षा विकासका लागि गाउँ परिषदले आवश्यकताका आधारमा निर्णय लिने गर्दछ । शिक्षा विकासमा रकम विनियोजनमा एकरुपता छैन भन्ने जवाफ दिएका छन् । यसै सन्दर्भमा नमुना छनोटमा परेका ५ जना प्र.अ.मध्ये ३ जनाले शिक्षा विकासका लगि गाउँ विकास समितिले स्थानीय स्वायत्त शासन ऐन २०५५ ले तोके वमोजिम १०% रकम विनियोजन हुने गरेको वताएका छन् भने २ जना प्र.अ.हरुले भने गाउँ परिषदको निर्णय वमोजिम आवश्यकताका आधारमा १०% भन्दा कम वा वढी रकम विनियोजन हुने गरेको वताएका छन् ।

यही सम्बन्धमा नमुना छनोटमा परेका ५ गा.वि.स..अध्यक्षहरु मध्ये २ जनाले १०% रकम गाउँ शिक्षा योजना कार्यान्वयन गर्न नियमित रुपमा बजेट विनियोजन हुने गरेको बताएका छन् भने २ जनाले गाउँ परिषदले तय गरेका प्राथमिकताहरुमा रकम विनियोजन गर्नुपर्ने भएबाट १०% नियमित रुपमा शिक्षा विकासका लागि रकम विनियोजन हुदैन भन्ने जवाफ दिएका छन् । त्यसैगरी १ जना गा.वि.स. अध्यक्षले भने परिषदको निर्णय हुँदा १०% भन्दा वढी रकम विनियोजन हुन्छ भन्ने बताएका छन् ।

वि.व्य.स. अध्यक्षहरु ५ मध्ये २ जनाले १०% रकम शिक्षा विकासका लागि गा.वि.स.ले छुट्याउछ भनेका छन् भने ३ जनाले यसवारे आफूहरुलाई केही पनि थाहा नभएको वताएका छन् । यो तथ्याङ्कलाई विश्लेषण गर्दा स्वायत्त शासन ऐन २०५५ ले तोके अनुसार सबै गा.वि.स.हरुले नियमित रुपमा आफ्नो बजेटको १०% रकम शिक्षा विकासमा

विनियोजन गर्नुको साटो गाउँ परिषदको निर्णयलाई प्राथमिकता दिई र बजेट विनियोजन गर्ने गरेको देखिएको छ । सबै गा.वि.स..हरुले शिक्षा विकासमा छुट्याउनुपर्ने तोकिएको रकम अनिवार्य रुपमा छुट्याउनुपर्ने देखिन्छ ।

### ४.२.२ विनियोजित रकमको प्राप्ति

कुनै पनि योजनाको सफलता वा विफलता योजनाले प्राप्त गर्ने बजेटमा भर पर्दछ । योजनाका लागि विनियोजित रकम प्राप्त भएन भने योजनाका अपेक्षित लक्ष्य र उद्देश्यहरु हासिल हुन सक्दैनन् । बजेट प्राप्त भएर पनि त्यसको समुचित उपयोग भएमा मात्रै योजना कार्यान्वयन प्रभावकारी बन्न सक्छ । यसै तथ्यलाई मध्यनजर गरी स्थानीय र अन्य सरोकारवालाहरुसँग बजेट प्राप्त भएको नभएको वारे जिज्ञासा राख्दा उनीहरुबाट निम्न अनुसारको प्रतिक्रिया आएको छ ।

नमुना छनौटमा परेका सबै गा.वि.स..का गा.वि.स..अध्यक्षहरुले योजनाका लागि विनियोजित रकम सबै स्कूलहरुले प्राप्त गरेका छन् भन्ने जवाफ दिए । यो तथ्याङ्कलाई विश्लेषण गर्दा विनियोजित रकम विद्यालयहरुले प्राप्त गरी खर्च गर्ने गरेको प्रष्ट हुन्छ । तर गा.वि.स..हरुले नियमित रुपमा न्यूनतम १० प्रतिशत रकम शिक्षा विकासका लागि छुट्याउनु पर्ने र उक्त रकमलाई गाउँ शिक्षा योजनाले निर्दिष्ट गरे अनुसार विनियोजन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

### ४.२.३. विनियोजित बजेटको प्रयोग

विनियोजित रकमको उचित प्रयोगले मात्र योजनाले राखेका उद्देश्यहरु हासिल गर्न सकिन्छ । विद्यालयको भौतिक तथा शैक्षिक विकास स्थानीय प्रयत्नबाट मात्र सम्भव हुदैन । त्यसका लागि कुनै न कुनै निकायबाट आर्थिक सहयोगको आवश्यकता हुन्छ । गाउँ विकास समितिहरुले नियमित रुपमा १०% रकम शिक्षा विकासका लागि छुट्याउने र विद्यालयहरुले उक्त रकमलाई सही सदुपयोग गर्ने हो भने यसले स्थानीय आवश्यकताहरुको परिपूर्ति गर्नमा मद्दत पुग्दछ र स्थानीय समुदायलाई पनि शिक्षा विकासका लागि लगानी गर्न प्रोत्साहन प्रदान गर्दछ । यसै सन्दर्भमा नमुन छनोटमा परेका सरोकारपक्षहरुलाई जिज्ञासा राख्दा उनीहरुबाट प्राप्त प्रतिक्रिया तल उल्लेख गरिएको छ ।

आफ्नो गाउँ क्षेत्रको शिक्षा विकासका लागि बजेट विनियोजन केका आधारमा गर्नुहुन्छ भनी सोधिएको प्रश्नको जवाफमा नमुना छनोटमा परेका ३ वटा गा.वि.स.अध्यक्षहरुले वडा परिषद र गाउँ परिषदले प्राथमिकिकरण गरेका योजनाहरुमा

बजेट विनियोजन गर्ने गरेको बताएका छन् । त्यसै गरी २ जना गा.वि.स..अध्यक्षहरुले भने गाउँ शिक्षा योजनाले निर्धारण गरेको प्राथमिकताका आधारमा शिक्षा विकासका लागि बजेट विनियोजन गर्ने गरेको वताएका छन् । यो तथ्याङ्कलाई विश्लेषण गर्दा गाउँ शिक्षा योजना प्रभावकारी रुपमा कार्यान्वयन नभएको कुरा प्रष्ट हुन्छ । त्यसका साथै गाउँ शिक्षा योजनालाई प्रभावकारी बनाउका निमित्त अनिवार्य रुपमा गाउँ शिक्षा योजना निर्माण गर्नुपर्ने अन्यथा हचुवाका भरमा कुनै पनि विद्यालयहरुलाई रकम उपलब्ध नगराउने नीति बनाई कडाइका साथ त्यसको कार्यान्वयन गर्नु गराउनु पर्ने आवश्यकता देखिन्छ ।

गा.वि.स.हरुबाट शिक्षा विकासका लागि छुट्याइएको रकम प्राप्त गर्नेगर्नु भएको छ ? छ भने उक्त रकम पर्याप्त छ ? यसरी प्राप्त गरिएको रकम केके कामका लागि खर्च गर्नुहुन्छ र त्यसबाट केकस्ता उपलब्धिहरु हासिल भएका छन् ? अझ वढि उपलब्धि हासिल गर्न के गर्नुपर्ला ? भनी जिज्ञासा राख्दा प्रधानअध्यापक, स्थानीय अभिभावक, वि.व्य.स. अध्यक्षहरुले दिएका प्रतिक्रियाहरु निम्न अनुसार छन् ।

नमुना छनोटमा परेका ५ जना अर्थात १००% प्रधानअध्यापकहरुले आफ्नो विद्यालयले विनियोजित रकम प्राप्त गर्ने गरेको तर उक्त रकम पर्याप्त नभएका कारण प्रभावकारी रुपमा काम गर्न गाह्रो भएको बताएका छन् । त्यसै गरी प्राप्त रकमबाट सानातीना मर्मत सम्भारका काम हुने गरेको, शैक्षिक सामग्री खरिद गर्ने गरेको, फर्निचरको व्यवस्थापन गर्ने गरेको र करारमा थप शिक्षक राख्ने गरेको जस्ता जवाफहरु दिएका छन् ।

नमुना छनोटमा परेका १० जना अभिभावकहरु मध्ये ६ जनाले आफ्नो विद्यालयले विनियोजित रकम प्राप्त गर्ने गरेको जसबाट विद्यालयका सानातीन समस्याहरु समाधान गर्न मद्दत मिलेको वताएका छन् । त्यसै गरी ४ जना अभिभावकहरुले विनियोजित रकमबाट उल्लेख्य काम गर्न गाह्रो भएको वताए । उनीहरुले विद्यालयले यसरी सानै भएपनि सहयोग प्राप्त गर्दा आफ्नै छोराछोरीहरु लाभान्वित बनेको पनि वताए । यसै सन्दर्भमा वि.व्य.स. अध्यक्षहरुले पनि विद्यालय सञ्चालनमा विनियोजित रकमले सहयोग प्रदान गरेको तर प्रभावकारी हुनका लागि गाउँ शिक्षा योजना मार्फत नै रकम विनियोजन भइ आए राम्रो हुन्थ्यो भन्ने वताएका छन् ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा गा.वि.स.हरुद्वारा शिक्षा विकासमा विनियोजित रकम पर्याप्त नभएको, प्रक्रिया पनि उपयुक्त नभएको कुरा प्रष्ट हुन आउँछ । तसर्थ गाउँ

शिक्षा योजना निर्माण गरी तदअनुरुप रकम विनियोजन गर्ने र शिक्षा विकासका लागि प्रयोग गर्ने हो भने मात्र बजेट कार्यान्वयन प्रभावकारी बन्न सक्छ भन्ने कुरा प्रष्ट हुन आउँछ ।

### ४.२.४ योजना कार्यान्वयनमा स्थानीय सहभागिता

कुनै पनि योजनाको पहिचान, निर्णय, निर्माण प्रकृया, कार्यान्वयन, मूल्याङ्कन र अनुगमनमा स्थानीय समुदायको सहभागिताले सकारात्मक योगदान दिन्छ । उल्लेखित सबै पक्षहरुमा स्थानीय सहभागिता र सकृयताका कारणले सिँगै योजना सफल बन्दछ । यी पक्षहरुमा स्थानीय सहभागिताको न्यूनताले योजनालाई नकारात्मक असर पार्छ । त्यसका साथै योजनाले स्थानीय आवश्यकताहरुलाई पनि सही रुपमा सम्बोधन गर्न सक्दैन । तसर्थ योजना कार्यान्वयनमा स्थानीय सहभागिता कस्तो छ भन्ने जिज्ञासा राख्दा प्रधानाध्यापकहरु, वि.व्य.स. अध्यक्षहरु र स्वयम् स्थानीय अभिभावकहरुलाई जिज्ञासा राख्दा उनीहरुबाट प्राप्त प्रतिक्रिया निम्न अनुसार रहेको छ ।

नमुना छनोटमा परेका ५ जना प्रधानाध्यापक र ५ जना वि.व्य.स. अध्यक्षहरुले आफ्नो विद्यालयमा योजना परेपछि २५% जनश्रम अनिवार्य गर्नुपर्ने व्यवस्था भएपनि उक्त रकम व्यवस्थापन गर्न कठिनाई भएको, यसमा स्थानीय अभिभावकहरुको चासो कम रहेको र ७५% प्राप्त रकमबाटै १००% काम गर्नुपर्ने हुँदा योजना कार्यान्वयन स्तरीय र प्रभावकारी बन्न नसकेको बताएका छन् । उनीहरुले गाउँ शिक्षा योजना अनुसार प्राप्त योजनाको कार्यान्वयनमा भने स्थानीय अभिभावकहरुको चासो र सम्लग्नता वढि हुने गरेको वताएका छन् ।

यसै सन्दर्भमा स्थानीय अभिभावकहरुलाई जिज्ञासा राख्दा नमुना छनोटमा परेका १० जना अभिभावकहरु मध्ये ४ जनाले आफूहरु योजना कार्यान्वयनमा नियमित रुपमा सहभागि हुने गरेको वताएका छन् भने ६ जना अभिभावकहरुले समय अभाव, आर्थिक विपन्नता र सूचनाको अभावमा आफूहरु योजना कार्यान्वयनमा सक्रिय रुपमा सहभागी हुन नसकेको वताएका छन् ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा गाउँ शिक्षा योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लाीग स्थानीय सहभागिता अभिवृद्धि गर्नै पर्ने कुरालाई पुष्टि गर्दछ । गाउँ शिक्षा योजनाहरु वनेका गा.वि.स.हरुमा स्थानीय सहभागिता राम्रो देखिएको छ भने गाउँ शिक्षा योजना विना नै प्राप्त योजनाहरुको कार्यान्वयनमा स्थानीय सहभागिता न्यून रहेको प्रष्ट हुन्छ । त्यसका साथै स्थानीय अभिवृद्धिका लागि शिक्षा विकासका लागि छुट्याइने बजेट

गाउँ शिक्षा योजनाले निर्धारण गरेको प्राथमिकताका आधारमा हुनुपर्ने, २५% श्रमदान घटाउनु पर्ने, समयमै उनीहरुलाई सूचना दिनुपर्ने र योजना कार्यान्वयनमा सहभागि भए वापत प्रोत्साहन गर्नुपर्ने आवश्यकता पनि देखिएको छ ।

### ४.२.५. जिल्ला शिक्षा योजना निर्माणमा गाउँ शिक्षा योजनाको योगदान

जिल्ला शिक्षा योजना सिंगो जिल्लाको शैक्षिक विकासलाई प्रभाव पार्ने योजना हो । यो योजना तथ्यको आधारमा निर्माण गर्नुपर्छ । हचुवाका आधारमा निर्मित योजनाबाट अपेक्षित उपलब्धीहरु हासिल हुन सक्दैनन् । जिल्ला शिक्षा योजना तर्जुमा गर्दा गाउँ शिक्षा योजनालाई नै आधार बनाउनु पर्छ भन्ने नीतिगत व्यवस्था पनि छ । उक्त नीतिका आधारमा जिल्ला शिक्षा योजना बन्ने गरेको छ कि छैन ? छैन भने किन ? जिल्ला शिक्षा योजना केका आधारमा निर्माण गर्नुहुन्छ ? भन्ने जिज्ञासा राख्दा जिल्ला शिक्षा अधिकारी र स्थानीय विकास अधिकारीबाट प्राप्त प्रतिक्रियाहरु निम्न अनुसार छन् ।

सबै गा.वि.स..हरुमा गाउँ शिक्षा समिति गठन भई गाउँ शिक्षा योजना बन्ने नगरेको बनेतापनि त्यसको प्रतिवेदन सममा नै प्राप्त हुने नगरेको कारणबाट विद्यालयबाट माग भई आएका योजनाहरुलाई नै आधार बनाई जिल्ला शिक्षा समितिमा छलफल गरी जिल्ला शिक्षा योजना बनाइने गरेको छ । सबै गा.वि.स..हरुबाट गाउँ शिक्षा योजना बनेको प्रतिवेदन प्राप्त हुने हो भने मात्र त्यसका आधारमा जिल्ला शिक्षा योजना बन्न सक्छ भन्ने जवाफ जिल्ला शिक्षा अधिकारी र स्थानीय विकास अधिकारीबाट प्राप्त भएको छ ।

यो तथ्याङ्कलाई विश्लेषण गर्दा गाउँ शिक्षा योजना जिल्ला शिक्षा योजना तर्जुमाको आधार बन्न नसकेको कुरा प्रष्ट हुन आउँछ । नीतिगत रुपमै गाउँ शिक्षा योजना नबनी जिल्ला शिक्षा योजना बनाउन नमिल्ने व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४.३. गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनमा देखा परेका कठिनाइहरु

कुनै पनि योजना कार्यान्वयन गर्ने क्रममा कुनै न कुनै प्रकारका कठिनाइहरु देखा पर्ने गर्छन् । योजना सम्पन्न गर्ने क्रममा यस प्रकारका कठिनाइहरुको सामना गर्दै अघि वढ्नु पर्ने हुन्छ । यो अनुसन्धान कार्य सम्पन्न गर्ने क्रममा सम्बद्ध सरोकार पक्षहरुको वीचमा गाउँ शिक्षा योजना कार्यान्वयनमा के कस्ता कठिनाइहरु देखा परे भन्ने जिज्ञासा राख्दा उनीहरुबाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ४.३.१ ग.वि.स. अध्यक्षहरुको प्रतिक्रिया

नमुना छनोटमा परेका गा.वि.स. अध्यक्षहरुलाई गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा केकस्ता कठिनाइहरु भोग्नु परेको छ ? भन्ने प्रश्न राख्दा ५ जना मध्ये २ जनाले गाउँ शिक्षा समिति गठन गर्ने, गाउँ शिक्षा योजना निर्माण गर्ने र त्यसको कार्यान्वयन गर्ने प्रयोजनका लागि डाकिएको भेला बैठकमा सबै सरोकार पक्षहरुको उपस्थितिमा कमी हुनु, उपस्थित सरोकार पक्षहरुद्वारा योजना निर्माण र कार्यान्वयनमा कम चासो राख्नु, राजनीतिक सहमतिका आधारमा बजेट विनियोजन गर्न वाध्य हुनु जस्ता कठिनाइहरु भएको वताएका छन् भने २ जनाले योजना बनाएपनि नबनाए पनि केही फरक नपर्ने भएकोले योजना निर्माण गर्नै पर्ने वाध्यता नरहेको, योजना बनाए पनि त्यसको कार्यान्वयन गर्न गाउँ परिषदको निर्णय वाध्य हुने गरेको, बैठकमा आउने र नआउने सरोकार पक्षहरुलाई पुरस्कार र दण्डको नीतिगत व्यवस्था नभएको प्रतिक्रिया दिएका छन् । त्यसै गरी बाँकी २ जना गा.वि.स. अध्यक्षहरुले स्थानीय सरोकारवालाहरुमा योजना सम्बन्धी चेतना नभएको, जि.वि.स. तथा जि.शि.काद्वारा अनिवार्य रुपमा गाउँ शिक्षा योजना बनाई त्यसको कार्यान्वयन गर्न कडाइका साथ निर्देशन नगरेको, गा.वि.स.हरुमा गाउँ शिक्षा समिति निर्माण गरे नगरेको, गाउँ शिक्षा योजना तर्जुमा गरी त्यसको कार्यान्वयन भए नभएको वारे निरीक्षण अनुगमनको व्यवस्था नभएको, शिक्षा विकासका लागि शैक्षिक संस्थाहरुबाट माग धेरै आउने तर बजेट पर्याप्त र समयमा नआउने गरेको, गाउँ शिक्षा योजना निर्माण गर्नका लागि शिक्षा कार्यालयद्वारा सम्वद्ध पक्षहरुको वीचमा अभिमुखिकरण नगराएको जस्ता कठिनाइहरु भएको बताएका छन् ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सरोकार पक्षहरुको वीचमा समयमै सूचना प्रवाह हुन नसक्नु, स्थानीय सरोकार पक्षहरुमा चेतनाको अभाव, योजना निर्माण र कार्यान्वयन अनिवार्य रुपमा गर्नुपर्ने नीतिगत व्यवस्था नहुनु, सरोकारपक्षहरुलाई योजना निर्माण र कार्यान्वयन सम्बन्धी अभिमुखिकरणको अभाव हुनु, उचित पुरस्कार र दण्ड नीतिको अभाव हुनु, नियमित अनुगमन र निरीक्षणको व्यवस्था नहुनु जस्ता कठिनाइहरु नै गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा देखा पर्ने प्रमुख समस्याहरु रहेको कुरा प्रष्ट हुन आउँछ । यी कठिनाइहरुलाई हल गर्नका लागि योजना निर्माण र कार्यान्वयन सम्बन्धी स्पष्ट नीति निर्माण गरी कार्यान्वयनका लागि सम्वद्ध पक्षहरुलाई कडाइका साथ निर्देशन जारी गर्नुपर्ने, ऐन नियममा भएको व्यवस्थालाई सम्वद्ध पक्षद्वारा कडाइका साथ कार्यान्वयन गर्नु पर्ने, ऐन नियमको पालना गर्ने र नगर्ने गा.वि.स..हरुलाई दण्ड र पुरस्कारको व्यवस्था

गर्नु पर्ने, स्थानीय अभिभावकहरुको वीचमा योजनाको महत्व वारे व्यापक रुपमा प्रचार प्रसार, छलफल र अन्तर्क्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, स्थानीय र अन्य सरोकार पक्षहरुलाई योजना निर्माण र कार्यान्वयन गर्ने प्रयोजनका लागि डाकिएका भेला र बैठकहरुमा उपस्थित गराउनका लागि आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**४.३.२ अन्य सरोकार पक्षहरुको प्रतिक्रिया**

सबै सरोकार पक्षहरुको सहभागिता विना नै निर्माण गरिएका योजनाहरुको कार्यान्वयन पक्ष निष्प्रभावी बन्ने मात्र होइन त्यस्ता योजनाहरुले स्थानीय आवश्यकताहरुको पनि उचित रुपमा सम्बोधन गर्न सक्दैनन् । त्यसको परिणाम स्वरुप स्थानीय सरोकारवालाहरुमा योजना प्रतिको अपनत्व भावको पनि विकास हुन सक्दैन । त्यसको साथै योजना निर्माण र कार्यान्वयनका क्रममा आउने समस्याहरुको हल हुनुको साटो अझ समस्याहरु थपिने हुन्छ । यसै सन्दर्भमा प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, स्थानीय अभिभावक, जि.शि.अ. र स्थानीय विकास अधिकारीलाई गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा आफूहरुले भोग्न परेका कठिनाइका सम्बन्धमा जिज्ञासा राख्दा उनीहरुबाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथि उल्लेखित सम्बन्धमा नमुना छनोटमा परेका प्र.अ.हरुले समयमा बजेट निकासा नहुने, योजनाका लागि आवश्यकता र माग वमोजिमको रकम विनियोजन नहुने, २५% श्रमदान जुटाउन समस्या हुने, योजना कार्यान्वयनको क्रममा स्थानीय अभिभावक र व्यवस्थापन समितिद्वारा अनुगमन निरीक्षण कम हुने, डाकिएका भेला बैठकहरुमा सरोकारवालाहरुको उपस्थिति कम हुने र समयमै निर्णय लिन कठिनाइ हुने जस्ता प्रतिक्रियाहरु दिएका छन् । त्यसै गरी नमुना छनोटमा परेका १० जना अभिभावकहरु मध्ये ४ जना अर्थात ४०% ले घरायसी कामको वेलामा भेला बैठक डाकिन्छ त्यसकारण त्यस्ता भेला बैठकहरुमा जान भ्याइदैन, सबै काम हेडसर र शिक्षकहरुले गरिहाल्नुहुन्छ, हामी लेखपढा नभएका मानिसहरुलाई योजना वारे केही कुरा थाहा हुदैन, भेला बैठकमा जाँदा खर्च हुन्छ, खर्च गर्ने पैसा पनि हुदैन भन्ने जस्ता प्रतिक्रिया दिएका छन् । यसै क्रममा ६ जना अर्थात ६०% अभिभावकहरुले आफूहरु योजना निर्माण र कार्यान्वयनका सिलसिलामा विभिन्न कठिनाइका बावजुद पनि सहभागी हुने गरेको बताए । उनीहरुले विद्यालय आफ्नै छोराछोरी पढ्ने ठाउँ भएकाले आफूहरुले विद्यालयले डाके बोलाएको समयमा जाने गरेको बताएका छन् । यसै सन्दर्भमा प्रश्न राख्दा नमुना छनोटमा परेका वि.व्य.स.अध्यक्षहरुले

योजना निर्माण र कार्यान्वयनको लागि डाकिएका बैठकहरुमा सरोकारवालाहरुको उपस्थिति कम हुनका कारण निर्णय लिन समस्या भएको, सरोकारवालाहरुलाई प्रोत्साहन गर्ने स्पष्ट नीति, स्रोत र साधनको कमी भएको, जि.शि.का., जि.वि.स. र स्रोतकेन्द्रद्वारा स्पष्ट निर्देशन, नियमित निरीक्षण र अनुगमनको कमी भएको, बजेट विनियोजनमा सर्वदलीय सम्यन्त्रको निर्णय हावी भएको जस्ता कठिनाइहरु भोग्नु परेको बताएका छन् । त्यसै गरी यही जिज्ञासा जि.शि.अ., स्थानीय विकास अधिकारी र स्रोतव्यक्तिहरुलाई राख्दा उनीहरुले गा.वि.स. हरुले उनीहरुलाई प्राप्त निर्देशनका आधारमा बजेट विनियोजन नगरेको, विनियोजित रकम केन्द्रबाटै निकासा ढिलो आउनाले समयमा निकासा दिन नसकिएको, जिल्ला शिक्षा योजना पनि सामाजिक सम्वाद समिति र जिल्ला शिक्षा समितिको निर्णय अनुसार तर्जुमा गर्नुपर्ने वाध्यात्मक परिस्थिति भएको अर्थात योजना निर्माणमा राजनीतिक हस्तक्षेप हुने गरेको, योजना निर्माण र कार्यान्वयन नगर्ने गा.वि.स. हरुलाई दण्ड दिने नीतिको अभाव भएको, निरीक्षण र अनुगमनका लागि आफूहरु सँग पर्याप्त जनशक्ति, साधन र स्रोत नभएको जस्ता प्रतिक्रियाहरु दिएका छन् ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा बैठकमा हुने उपस्थितिको कमी, पुरस्कार र दण्डको नीतिको कमी, केन्द्रबाट बजेट निकासा ढिलो हुनु, बजेट विनियोजनमा गाउँ शिक्षा योजनालाई प्राथमिकता नदिनु, स्थानीय सरोकारवालाहरुमा शिक्षा र आर्थिक अभाव हुनु, अनुगमन निरीक्षणका लागि आवश्यक जनशक्ति, स्रोत र साधनको अभाव हुनु, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन अनिवार्य गर्नुपर्ने नीतिगत व्यवस्था नहुनु, भेला र बैठकहरुमा सरोकारवालाहरुलाई उपस्थित गराउने प्रेरणादायी नीतिको अभाव हुनु जस्ताकुराहरु गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा आउने कठिनाइ भएको कुरा स्पष्ट हुन्छ । यी कठिनाइहरुलाई हल गर्न सबै सरोकार पक्षहरुले अग्रसरता देखाएमा गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी र उद्देश्यमूलक बन्न सक्छ । त्यसका साथै विकेन्द्रीकरणको मर्म र भावना अनुसार स्थानीय स्तरमा शिक्षा विकास प्रभावकारी बन्छ । फलत विद्यालयहरुमा भौतिक सुधार हुनुका साथै सबैले स्तरीय शिक्षा प्राप्त गर्न सक्दछन् ।

**४.४. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी बनाउने उपायहरु**

कुनै पनि योजनाले त्यसका लक्ष्य र उद्देश्यहरु हासिल गर्न त्यसको निर्माण र कार्यान्वयन पक्ष प्रभावकारी हुनु अपरिहार्य हुन्छ । निर्दिष्ट प्रक्रिया अनुसार योजना तर्जुमा नहुँदा त्यसको कार्यान्वयन पक्ष निष्प्रभावी हुन्छ । परिणाम स्वरुप योजनाद्वारा स्थानीय

आवश्यकताहरु सही रुपमा सम्बोधित हुदैनन् । त्यसका साथै स्थानीय सरोकारवालाहरुमा योजना प्रतिको अपनत्व भावको विकास हुदैन र योजना दीगो बन्न सक्दैन । गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन पनि शिक्षामा विकेन्द्रीकरणको एउटा आयाम हो । यसलाई प्रभावकारी बनाउन सकेको खण्डमा मात्र स्तरीय र सुलभ शिक्षा प्राप्त हुन्छ । यसर्थ यसको निर्माण र कार्यान्वयनमा देखिएका कठिनाइहरुलाई हल गर्ने उपायहरुको खोजी गर्नु अपरिहार्य हुन जान्छ । यसै सन्दर्भमा स्थानीय र अन्य सरोकारपक्षहरु सँग गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा देखिएका कठिनाइहरु हल गर्ने उपायहरु केके हुन सक्छन भनी जिज्ञासा राख्दा उनीहरुबाट प्राप्त प्रतिक्रियाहरुलाई यहाँ प्रस्तुत गरी तिनीहरुको व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.४.१ समस्या हल गर्ने नीतिगत उपायहरु

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी बनाउन केकस्ता नीतिगत व्यवस्थाहरु आवश्यक छन् भनी जि.शि.अ., स्थानीय विकास अधिकारी, स्रोतव्यक्ति र प्र.अ.हरुलाई जिज्ञासा राख्दा उनीहरुबाट प्राप्त प्रतिक्रिया निम्नानुसार रहेको छ ।

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी बनाउन नीतिगत व्यवस्थाको ठूलो महत्व हुन्छ । नीतिगत व्यवस्था विना योजना निर्माण प्रक्रिया र कार्यान्वयनमा विविधता आई योजना उद्देश्यमूलकको प्रभावकारी बन्न सक्दैन । तसर्थ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन नगर्ने गा.वि.स. हरुको पूरै गाउँ विकास बजेट निकासा नहुने व्यवस्था गर्नुपर्छ । गाउँ शिक्षा योजना सबै गा.वि.स..हरुले नबनाए सम्म जिल्ला शिक्षा योजना नबनाउने र त्यो वर्ष जिल्लाका विद्यालयहरुलाई प्रदान गरिने भौतिक तथा शैक्षिक सुधारको बजेट रोक्का हुने स्पष्ट नीति हुनुपर्छ । सरोकार पक्षलाई गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा क्रियासिल बनाउन बैठक भत्ता दिने र सक्रिय सरोकारवालाहरुलाई पुरस्कार दिने व्यवस्था गर्नुपर्छ । जि.शि.का., जि.वि.स. र स्रोतकेन्द्रलाई आवश्यक जनशक्ति, स्रोत र साधन उपलब्ध गराई अनिवार्य रुपमा आवधिक निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था हुनुपर्छ । यस प्रकारका नीतिगत व्यवस्था हुनसकेमा गाउँ शिक्षा  योजना निर्माण र कार्यान्वयन  प्रभावकारी हुन सक्छ ।

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा देखिएका कठिनाइहरु हल गर्ने उपायहरुको खोजी गर्ने शिलशिलामा नीतिगत उपायहरु केके हुन सक्छन भन्ने जिज्ञासा

राख्दा स्थानीय अभिभावक, वि.व्य.स. अध्यक्ष र शिक्षकहरुबाट प्राप्त प्रतिक्रिया निम्न अनुसार रहेको छ ।

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा देखिएका कठिनाइहरु हल गर्न बैठक र भेलाहरुमा जाँदा शिक्षकहरुलाई काजको व्यवस्था हुनुपर्ने, स्थानीय अभिभावकहरुलाई योजना निर्माण सम्बन्धी अभिमुखिकरण तालिमको व्यवस्था हुनुपर्ने, गाउँ शिक्षा योजनाको प्राथमिकतामा परेका योजना कार्यान्वयनका लागि आवश्यक बजेट उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।

उल्लेखित जवाफलाई विश्लेषण गर्दा प्रभावकारी बन्न नसकेको गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई सरोकार पक्षहरुले दिएका नीतिगत सुझावहरुको कार्यान्वयनले सकारात्मक परिणाम दिलाउन सक्ने कुरा स्पष्ट हुन्छ ।

### ४.४.२ समस्या हल गर्ने अभ्यासगत उपायहरु

कुनै पनि योजना निर्माण र कार्यान्वयन प्रभावकारी हुनका लागि नीतिगत व्यवस्थाको अत्यन्तै ठूलो भूमिका रहेको हुन्छ । तर नीतिगत व्यवस्था जतिसुकै राम्रो भएतापनि त्यसको अभ्यास सहज र सरल बन्न सकेन भने योजना सार्थक रुपमा प्रभावकारी ढंगबाट सम्पन्न हुन सक्दैन । अभ्यासका क्रममा आउने कठिनाइहरुलाई हल गरेर मात्र लक्ष्य हासिल हुन सक्छ । तसर्थ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको क्रममा आएका समस्याहरुलाई हल गर्ने उपायहरु केकस्ता हुन सक्छन् भनी सम्वद्ध सरोकार पक्षहरु समक्ष जिज्ञासा राख्दा उनीहरुबाट प्राप्त जवाफलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

यस सन्दर्भमा जिज्ञासा राख्दा प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष र अभिभावकहरुले गा.वि.स. हरुद्वारा समयमै सूचना प्रवाह गर्नुपर्ने, बैठक तथा भेलामा बोलाउनु पूर्व नै अभिमुखिकरण गर्ने, प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष र अभिभावकहरुले गाउँ शिक्षा योजना निर्माण गर्न जि.शि.का., स्रोतव्यक्ति, स्थानीय विकास अधिकारी तथा गा.वि.स. अध्यक्षहरुलाई घच्घच्याउनु पर्ने, शिक्षा विकासको रकम विनियोजनमा भएको नीतिगत व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्ने, रकम विनियोजनमा हुने राजनीतिक हस्तक्षेप बन्द हुनुपर्ने, प्राप्त जनशक्ति, स्रोत र साधनको अत्यधिक प्रयोग गरी निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने, प्रधानाध्यापक, शिक्षक लगायत स्थानीय अभिभावकहरुले योजना निर्माण र कार्यान्वयनमा समय दिनुपर्ने जस्ता प्रतिक्रियाहरु प्राप्त भएका छन् ।

माथि उल्लेखित तथ्यहरुलाई विश्लेषण गर्दा अभ्यासगत रुपमा देखिएका उल्लेखित कठिनाइहरु हल गर्न सम्वद्ध पक्षहरु क्रियासिल र अभ्यस्त हुन जरुरी छ। त्यसका लागि उल्लेखित सुझावहरुको कार्यान्वयन आवश्यक देखिन्छ।

### ४.४.३ समस्या हल गर्ने अन्य उपायहरु

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको क्रममा देखा परेका समस्याहरु हल गर्न नीतिगत र अभ्यासगत उपायहरु मात्र पर्याप्त हुदैनन्। यसका अतिरिक्त अन्य उपायहरु अवलम्वन गरेर पनि योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउन सकिन्छ। यसर्थ नमुना छनोटमा परेका सम्वद्ध सरोकार पक्षहरुलाई समस्या समाधान गर्ने त्यस्ता अन्य उपायहरु केके हुन सक्छन् ? भनी राखिएको जिज्ञासामा प्राप्त प्रतिक्रियाहरु निम्न अनुसार प्रस्तुत गरिएको छ।

यस सन्दर्भमा शैक्षिक संस्थाहरुद्वारा सञ्चालन गरिने अनुसन्धानात्मक कार्यहरु पनि यस विषयमा केन्द्रित गर्ने, गैर सरकारी संस्थाहरुद्वारा सञ्चालित कार्यक्रममा यो विषयलाइ पनि स्थान दिने, गा.वि.स., जि.वि.स. र जि.शि.का.द्वारा यस विषयमा खोज तथा अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको प्रभावकारीताको विषयमा स्थानीय तहमा पनि अनुसन्धानमूलक कार्यक्रम बनाई कार्यान्वयन गर्ने जस्ता उपायहरु सम्वद्ध सरोकारपक्षहरुद्वारा सुझाइएको छ।

माथि उल्लेखित सुझावहरुलाई विश्लेषण गर्दा अनुसन्धानात्मक तहका क्रियाकलापहरु गउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको विषयमा केन्द्रीत गरी सञ्चालन गरिएको खण्डमा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउन मद्दत पुग्न सक्छ। त्यसका लागि जि.वि.स., जि.शि.का., गा.वि.स., विद्यालयहरु र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुले यस तर्फ मुखरित हुन जरुरी छ।

# परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझाव

सङ्खुवा सभा जिल्लाका प्रत्येक गा.वि.स.मा गाउँ शिक्षा योजना निर्माण प्रक्रिया र तिनीहरुको कार्यान्वयनको प्रभावकारिता पहिचान गर्न, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा आउने कठिनाई पत्ता लगाई योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरु सुझाउने उद्देश्यबाट गरिएको यो गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन विषयक यस अध्ययनबाट निम्नानुसारको प्राप्ति, निष्कर्ष तथा सुझावहरु प्राप्त भएका छन् ।

## ५.१. प्राप्तिहरु

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन विषयक यो अनुसन्धानात्मक कार्यले प्रत्येक गा.वि.स.मा गाउँ शिक्षा योजना निर्माण निर्दिष्ट प्रक्रिया अनुसार हुनुपर्नेमा ४०% गा.वि.स. हरुमा तद्अनुरुप नभएको प्रष्ट पारेको छ । निर्दिष्ट प्रक्रिया अनुसार बनेका योजनाहरु समग्रमा प्रभावकारी देखिएका छन् । गा.वि.स. हरुले गाउँ शिक्षा योजना बनाई कार्यान्वयन गर्न गराउन प्रयास गरेको भएतापनि केही नीतिगत र अभ्यासगत कठिनाइका कारण पूर्ण रुपमा सफल हुन सकेका छैनन् । योजनाको प्राथमिकतामा परेका विद्यालयहरुको भौतिक तथा शैक्षिक क्षेत्रमा सुधार हुन गई स्थानीय समुदाय लाभान्वित भएका छन् । गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा ६०% भन्दा वढी सरोकार पक्षहरु सरिक भई क्रियासिल बनेका छन् । योजना निर्माण र कार्यान्वयनमा सरिक हुने सरोकारवालाहरुको

क्षमता अभिवृद्धि भएको छ । गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनका थुप्रै सकारात्मक पाटाहरु भए पनि योजना निर्माण प्रक्रियागत ढंगबाट नहुनु, बनेका योजनाहरुको कार्यान्वयन प्रभावकारी रुपमा नहुनु, गरिवी र अशिक्षाका कारणले स्थानीय सहभागिता न्यून हुनु, फितलो अनुगमन, राजनीतिक हस्तक्षेप, पुरस्कार र दण्डनीतिको अभाव, स्थानीय सरोकार पक्षको निस्कृयता, स्वायत्त शासन ऐन २०५५ ले निर्दिष्ट गरे वमोजिम सबै गा.वि.स..हरुले आफ्नो बजेटको १०% रकम शिक्षा विकासका लागि नछुट्याउनु, गाउँ शिक्षा योजनाले जिल्ला शिक्षा योजना निर्माणमा आधार प्रदान गर्न नसक्नु, योजना निर्माण र कार्यान्वयनको प्रगति विवरण वारे आम सरोकारवालाहरुलाई राम्रारी सु-सूचित गराउन नसक्नु जस्ता कठिनाईका कारण योजनाले राखेका लक्ष्य तथा उद्देश्यहरु अपेक्षाकृत रुपमा हासिल हुन सकेका छैनन् । तथापी गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा सम्वद्ध पक्षहरुबाट आवश्यक सुझावहरु समेत प्राप्त भएका छन् । नीतिगत व्यवस्था विना योजना निर्माण प्रक्रिया र कार्यान्वयनमा विविधता आई योजना उद्देश्यमूलकको प्रभावकारी बन्न सक्दैन । तसर्थ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन नगर्ने गा.वि.स. हरुको पूरै गाउँ विकास बजेट निकासा नहुने व्यवस्था गर्नुपर्छ । गाउँ शिक्षा योजना सबै गा.वि.स..हरुले नबनाए सम्म जिल्ला शिक्षा योजना नबनाउने र त्यो वर्ष जिल्लाका विद्यालयहरुलाई प्रदान गरिने भौतिक तथा शैक्षिक सुधारको बजेट रोक्का हुने स्पष्ट नीति हुनुपर्छ । सरोकार पक्षलाई गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा क्रियासिल बनाउन बैठक भत्ता दिने र सक्रिय सरोकारवालाहरुलाई पुरस्कार दिने व्यवस्था गर्नुपर्छ । जि.शि.का., जि.वि.स. र स्रोतकेन्द्रलाई आवश्यक जनशक्ति, स्रोत र साधन उपलब्ध गराई अनिवार्य रुपमा आवधिक निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था हुनुपर्छ । यस प्रकारका नीतिगत व्यवस्था हुनसकेमा गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी हुन सक्छ भन्ने जस्ता नीतिगत सुझावहरु प्राप्त भएका छन् । त्यसै गरी गा.वि.स. हरुद्वारा समयमै सूचना प्रवाह गर्नुपर्ने, बैठक तथा भेलामा बोलाउनु पूर्व नै अभिमुखिकरण गर्ने, प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष र अभिभावकहरुले गाउँ शिक्षा योजना निर्माण गर्न जि.शि.का., स्रोतव्यक्ति, स्थानीय विकास अधिकारी तथा गा.वि.स. अध्यक्षहरुलाई घच्घच्याउनु पर्ने, शिक्षा विकासको रकम विनियोजनमा भएको नीतिगत व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्ने, रकम विनियोजनमा हुने राजनीतिक हस्तक्षेप बन्द हुनुपर्ने, प्राप्त जनशक्ति, स्रोत र साधनको अत्यधिक प्रयोग गरी निरीक्षण तथा

अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने, प्रधानाध्यापक, शिक्षक लगायत स्थानीय अभिभावकहरुले योजना निर्माण र कार्यान्वयनमा समय दिनुपर्ने जस्ता अभ्यासगत सुझावहरु पनि प्राप्त भएका छन् । त्यसका अतिरिक्त नमुना छनोटमा परेका सरोकारवालाहरुद्वारा शैक्षिक संस्थाहरुद्वारा सञ्चालन गरिने अनुसन्धानात्मक कार्यहरु पनि यस विषयमा केन्द्रित गर्ने, गैर सरकारी संस्थाहरुद्वारा सञ्चालित कार्यक्रममा यो विषयलाइ पनि स्थान दिने, गा.वि.स., जि.वि.स. र जि.शि.का.द्वारा यस विषयमा खोज तथा अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको प्रभावकारीताको विषयमा स्थानीय तहमा पनि अनुसन्धानमूलक कार्यक्रम बनाई कार्यान्वयन गर्ने जस्ता कुराहरु सुझाइएका छन् ।

## ५.२ निष्कर्ष

शिक्षामा विकेन्द्रीकरण गरी व्यापक सुधार गर्ने मुल लक्ष्य राखेर गाउँ शिक्षा समिति गठन गर्ने र उक्त समिति मार्फत स्थानीय सरोकारवालाहरुको व्यापक सहभागितामा योजना निर्माण गर्ने, निर्णय गर्ने, निर्णय लिने, योजनाको कार्यान्वयनका साथै त्यसको मूल्याङ्कन र अनुगमनमा समेत सरोकारवालाहरुलाई  प्रत्यक्ष रुपमा सरिक गराउने नीति अगाडि आएको हो । शिक्षा विकासका लागि प्रत्येक गा.वि.स. मा गाउँ शिक्षा समिति गठन गर्ने र गाउँ शिक्षा योजना बनाई त्यसको कार्यान्वयन गर्ने प्रक्रिया शिक्षा विकेन्द्रीकरणको एउटा आयाम हो । गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन गर्दा जि.शि.अ., स्थानीय विकास अधिकारी, स्रोत व्यक्ति, प्रधानाध्यापक, शिक्षक, गा.वि.स..अध्यक्ष, वि.व्य.स. अध्यक्ष र स्थानीय अभिभावकहरुको व्यापक सहभागिता हुन्छ । जसले गर्दा उनीहरुमा योजना प्रतिको अपनत्वको  भावना विकास हुन्छ । यसै सन्दर्भमा गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन विषयक यो अनुसन्धानात्मक कार्यबाट नमुना छनोटमा परेका सबै सरोकार पक्षहरुको प्रतिक्रियाहरुलाई व्याख्या तथा विश्लेषण गरी निम्नानुसारका निष्कर्षहरु निकालिएको छ ।

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउन स्थानीय सहभागिता अनिवार्य हुन्छ । त्यसका लागि सरोकार पक्षहरुका कठिनाइहरुलाई मध्यनजर गरी नीति निर्माण गर्ने र उनीहरुलाई अनुकुल हुने गरी योजना सम्बन्धी भेला बैठकहरुको आयोजना गर्नुपर्ने हुन्छ । गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी बनाउन नीतिगत व्यवस्थाको ठूलो महत्व हुन्छ । नीतिगत व्यवस्था विना योजना निर्माण प्रक्रिया र कार्यान्वयनमा विविधता आई योजना उद्देश्यमूलकको प्रभावकारी बन्न सक्दैन । तसर्थ गाउँ

शिक्षा योजना निर्माण र कार्यान्वयन नगर्ने गा.वि.स. हरुको पूरै गाउँ विकास बजेट निकासा नहुने व्यवस्था गर्नुपर्छ । गाउँ शिक्षा योजना सबै गा.वि.स..हरुले नबनाए सम्म जिल्ला शिक्षा योजना नबनाउने र त्यो वर्ष जिल्लाका विद्यालयहरुलाई प्रदान गरिने भौतिक तथा शैक्षिक सुधारको बजेट रोक्का हुने स्पष्ट नीति हुनुपर्छ । सरोकार पक्षलाई गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा क्रियासिल बनाउन बैठक भत्ता दिने र सक्रिय सरोकारवालाहरुलाई पुरस्कार दिने व्यवस्था गर्नुपर्छ । जि.शि.का., जि.वि.स. र स्रोतकेन्द्रलाई आवश्यक जनशक्ति, स्रोत र साधन उपलब्ध गराई अनिवार्य रुपमा आवधिक निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था हुनुपर्छ । यस प्रकारका नीतिगत व्यवस्था हुनसकेमा गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी हुन सक्छ ।

प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष र अभिभावकहरुले गा.वि.स. हरुद्वारा समयमै सूचना प्रवाह गर्नुपर्ने, बैठक तथा भेलामा बोलाउनु पूर्व नै अभिमुखिकरण गर्ने, प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष र अभिभावकहरुले गाउँ शिक्षा योजना निर्माण गर्न जि.शि.का., स्रोतव्यक्ति, स्थानीय विकास अधिकारी तथा गा.वि.स. अध्यक्षहरुलाई घच्घच्याउनु पर्ने, शिक्षा विकासको रकम विनियोजनमा भएको नीतिगत व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्ने, रकम विनियोजनमा हुने राजनीतिक हस्तक्षेप बन्द हुनुपर्ने, प्राप्त जनशक्ति, स्रोत र साधनको अत्यधिक प्रयोग गरी निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने, प्रधानाध्यापक, शिक्षक लगायत स्थानीय अभिभावकहरुले योजना निर्माण र कार्यान्वयनमा समय दिनुपर्ने जस्ता कुराहरु अपरिहार्य हुन्छन् । त्यसै गरी गाउँ शिक्षा योजना तर्जुमा गर्न बाँकी रहेका ४०% गा.वि.स..हरुले पनि अनिवार्य रुपमा गाउँ शिक्षा योजना निर्माण गरी त्यसको कार्यान्वयन गर्न आवश्यक देखिन्छ । त्यसैगरी शैक्षिक संस्थाहरुद्वारा सञ्चालन गरिने अनुसन्धानात्मक कार्यहरु पनि यस विषयमा केन्द्रित गर्ने, गैर सरकारी संस्थाहरुद्वारा सञ्चालित कार्यक्रममा यो विषयलाइ पनि स्थान दिने, गा.वि.स., जि.वि.स. र जि.शि.का.द्वारा यस विषयमा खोज तथा अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको प्रभावकारीताको विषयमा स्थानीय तहमा पनि अनुसन्धानमूलक कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता पनि देखिएको छ ।

## ५.३. सुझावहरु

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन शीर्षकको यो अनुसन्धान कार्य सम्पादन गर्ने क्रममा नमुना छनोटमा परेका सरोकारवालाहरुको समक्ष राखेका प्रश्नहरुको जवाफस्वरुप प्राप्त तथ्याङ्क र जानकारी तथा सूचनाहरुको व्याख्या र विश्लेषणका आधारमा आएका प्राप्ति र निष्कर्षलाई मध्य नजर गरी निम्नानुसारका नीतिगत, अभ्यासगत र अनुसन्धानगत सुझावहरु प्रस्तुत गरीएका छन् ।

### ५.३.१ नीतिगत सुझावहरु

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी बनाउन नीतिगत व्यवस्थाको ठूलो महत्व हुन्छ । नीतिगत व्यवस्था विना योजना निर्माण प्रक्रिया र कार्यान्वयनमा विविधता आई योजना उद्देश्यमूलकको प्रभावकारी बन्न सक्दैन । तसर्थ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन नगर्ने गा.वि.स. हरुको पूरै गाउँ विकास बजेट निकासा नहुने व्यवस्था गर्नुपर्छ । गाउँ शिक्षा योजना सबै गा.वि.स..हरुले नबनाए सम्म जिल्ला शिक्षा योजना नबनाउने र त्यो वर्ष जिल्लाका विद्यालयहरुलाई प्रदान गरिने भौतिक तथा शैक्षिक सुधारको बजेट रोक्का हुने स्पष्ट नीति हुनुपर्छ । सरोकार पक्षलाई गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा क्रियासिल बनाउन बैठक भत्ता दिने र सक्रिय सरोकारवालाहरुलाई पुरस्कार दिने व्यवस्था गर्नुपर्छ । जि.शि.का., जि.वि.स. र स्रोतकेन्द्रलाई आवश्यक जनशक्ति, स्रोत र साधन उपलब्ध गराई अनिवार्य रुपमा आवधिक निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था हुनुपर्छ । यस प्रकारका नीतिगत व्यवस्था हुनसकेमा गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रभावकारी हुन सक्छ । त्यसैगरी गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा देखिएका कठिनाइहरु हल गर्न बैठक र भेलाहरुमा जाँदा शिक्षकहरुलाई काजको व्यवस्था हुनुपर्ने, स्थानीय अभिभावकहरुलाई योजना निर्माण सम्बन्धी अभिमुखिकरण तालिमको व्यवस्था हुनुपर्ने, गाउँ शिक्षा योजनाको प्राथमिकतामा परेका योजना कार्यान्वयनका लागि आवश्यक बजेट उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।

### ५.३.२ अभ्यासगत सुझावहरु

कुनै पनि योजना निर्माण र कार्यान्वयन प्रभावकारी हुनका लागि नीतिगत व्यवस्थाको अत्यन्तै ठूलो भूमिका रहेको हुन्छ । तर नीतिगत व्यवस्था जतिसुकै राम्रो भएतापनि त्यसको अभ्यास सहज र सरल बन्न सकेन भने योजना सार्थक रुपमा प्रभावकारी ढंगबाट सम्पन्न हुन सक्दैन । अभ्यासका क्रममा आउने कठिनाइहरुलाई हल गरेर मात्र

लक्ष्य हासिल हुन सक्छ । तसर्थ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको क्रममा आएका समस्याहरुलाई हल गर्नका लागि निम्नानुसारका अभ्यासगत सुझावहरु प्रस्तुत गरिएको छ ।

यस सन्दर्भमा प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष र अभिभावकहरुले गा.वि.स. हरुद्वारा समयमै सूचना प्रवाह गर्नुपर्ने, बैठक तथा भेलामा बोलाउनु पूर्व नै अभिमुखिकरण गर्ने, प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष र अभिभावकहरुले गाउँ शिक्षा योजना निर्माण गर्न जि.शि.का., स्रोतव्यक्ति, स्थानीय विकास अधिकारी तथा गा.वि.स. अध्यक्षहरुलाई घच्घच्याउनु पर्ने, शिक्षा विकासको रकम विनियोजनमा भएको नीतिगत व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्ने, रकम विनियोजनमा हुने राजनीतिक हस्तक्षेप बन्द हुनुपर्ने, प्राप्त जनशक्ति, स्रोत र साधनको अत्यधिक प्रयोग गरी निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने, प्रधानाध्यापक, शिक्षक लगायत स्थानीय अभिभावकहरुले योजना निर्माण र कार्यान्वयनमा समय दिनुपर्ने आवश्यकता देखिएको छ ।

**५.३.३ अनुसन्धान तहका सुझावहरु**

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको क्रममा देखा परेका समस्याहरु हल गर्न नीतिगत र अभ्यासगत उपायहरु मात्र पर्याप्त हुदैनन् । यसका अतिरिक्त अन्य उपायहरु अवलम्वन गरेर पनि योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउन सकिन्छ । यसर्थ नमुना छनोटमा परेका सम्वद्ध सरोकार पक्षहरुलाई समस्या समाधान गर्न निम्न अनुसारका अनुसन्धान तहका सुझावहरु प्रस्तुत गरिएको छ ।

यस सन्दर्भमा शैक्षिक संस्थाहरुद्वारा सञ्चालन गरिने अनुसन्धानात्मक कार्यहरु पनि यस विषयमा केन्द्रित गर्ने, गैर सरकारी संस्थाहरुद्वारा सञ्चालित कार्यक्रममा यो विषयलाइ पनि स्थान दिने, गा.वि.स., जि.वि.स. र जि.शि.का.द्वारा यस विषयमा खोज तथा अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको प्रभावकारीताको विषयमा स्थानीय तहमा पनि अनुसन्धानमूलक कार्यक्रम बनाई कार्यान्वयन गर्ने । त्यसका लागि जि.वि.स., जि.शि.का., गा.वि.स., विद्यालयहरु र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुले यस तर्फ मुखरित हुन जरुरी छ ।

माथि उल्लेखित सुझावहरुलाई विश्लेषण गर्दा अनुसन्धानात्मक तहका क्रियाकलापहरु गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको विषयमा केन्द्रीत गरी सञ्चालन गरिएको खण्डमा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउन मद्दत पुग्न सक्छ ।

<u>सन्दर्भ ग्रन्थ</u>

अर्याल, वैकुण्ठ (२०६२), *शैक्षिक विकेन्द्रीकरण र हाम्रो प्रयाश र चुनौतिहरु,* काठमाडौं : शिक्षा प्रशासनका आयामहरु, सोपान मासिक, डिल्लीबजार ।

काफ्ले, वाशुदेव र साथीहरु (२०६०), *शैक्षिक प्रशासन र सुपरीवेक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

काफ्ले, वाशुदेव र साथीहरु (२०६०), *शैक्षणिक योजना,* काठमाडौं : भुडिपुराण प्रकाशन, वागवजार ।

के.सी., नारायणी (२०६५), *समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा श्रोत संकलन र उपयोगी अध्ययन,* अप्रकाशित शोधपत्र, काठमाडौं :शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६५), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठामाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

दाहाल, प्रकाश (२०६५), *विकास प्रशासन, विकेन्द्रीकरण र स्थानीय सरकार,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. काठमाडौं ।

नेपाल, जनार्दन (२०६४), *नेपालमा शिक्षा योजना,* काठमाडौं, नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६४), *नेपालमा शिक्षा योजना अवधारणा तथा प्रयोग पुस्तिका,* भक्तपुर : शिक्षा विभाग सानोठिमी ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६३), *सबैका लागि शिक्षा २००४-२००९,* भक्तपुर : शिक्षा विभाग सानोठिमी भक्तपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०६८), *शिक्षा कक्षा १०,* सानोठिमी भक्तपुर ।

पराजुली, खडानन्द (२०६२), *शिक्षा प्रशासनका आयामहरु,* काठमाडौं : सोपान, डिल्लीबजार ।

वाग्ले, मनप्रसाद र साथीहरु (२०५३), *वि.एड्. दिग्दर्शन,* काठमाडौं : आठराई प्रकाशन ।

*शिक्षा ऐन २०४९,* सातौं संशोधन २०५७, वौद्धिक दर्पण प्रकाशन, काठमाडौं ।

*शिक्षा नियमावली २०४९,* आठौं संशोधन २०५९, वौद्धिक दर्पण प्रकाशन, काठमाडौं ।

सिलवाल, शुदर्सन (२०६३), *विकास र योजना अर्थशास्त्र,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

श्रेष्ठ, वुनु (२०६४), *गाउँ शिक्षा योजना तर्जुमा सहयोगी पुस्तिका,* भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र सानोठिमी ।

अनुसूची : एक

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

प्रधानाध्यापकहरुका लागि प्रश्नावली

१. तपाइँको गा.वि.स.मा गाउँ शिक्षा समिति गठन भै त्यस मार्फत गाउँ शिक्षा योजना बन्ने काम भएको छ ? छ भने कुन प्रक्रियाबाट बन्ने गरेको छ ?

२. गाउँ शिक्षा योजना निर्माणमा तपाईं सहभागी हुनु भएको छ ? छैन भने किन ?

३. गाउँ शिक्षा समितिद्वारा तर्जुमा गरिएको गाउँ शिक्षा योजना निर्धारित समयमै पूरा हुन्छन्?

४. गा.वि.स.हरुले शिक्षा विकासका लागि स्थानीय स्वायत्त शासन ऐनले तोकेको रकम विनियोजन गर्ने गरेका छन् ?

५. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा स्थानीय समुदायको सहभागिता कस्तो छ ?

६. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा स्थानीय समुदायको अभिवृद्धि गर्न केके गर्नुपर्छ ?

६. गा.वि.स.द्वारा शिक्षा विकासका लागि विनियोजित रकम विद्यालयहरुले नियमित रुपमा प्राप्त गरेका छन् ?

८. उक्त रकमलाई के काममा प्रयोग गर्नुहुन्छ ? यसबाट विद्यालय तथा स्थानीय समुदायलाई केके फाइदा पुगेको छ ?

९. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा केकस्ता कठिनाइहरु भोग्नु परेको छ ?

१०. ती कठिनाइहरुलाई हल गर्ने उपायहरु के हुन सक्लान ?

अनुसूची : दुई

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

स्थानीय समुदायका लागि प्रश्नावली

१. तपाईंको गा.वि.स.मा गाउँ शिक्षा समिति गठन गरिएको छ ? समिति गठन गर्दा कसकसलाई डाकिन्छ ?

२. तपाईको गा.वि.स.मा गठित गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना निर्माण गर्ने गरेको छ ?

३. तपाईलाई गाउँ शिक्षा समिति गठन र गाउँ शिक्षा योजना निर्माण गर्न गा.वि.स.द्वारा आमन्त्रण गरिन्छ ?

४. तपाईको गा.वि.स.मा बनेका गाउँ शिक्षा योजनाको कार्यान्वयनमा तपाईको सहभागिता कस्तो हुन्छ ? हुदैन भने के कारणले हुदैन ?

५. तपाईको गा.वि.स. ले विद्यालयहरुका लागि कति प्रतिशत रकम छुट्याउने गरेको छ ? यो रकम पर्याप्त छ की छैन ?

६. तपाईको विद्यालयले विद्यालयको सुधारका लागि छुट्याएको रकम नियमित रुपम प्राप्त गर्छ ? गर्छ भने उक्त रकमबाट केके काम भएका छन् ?

७. तपाईको गा.वि.स.द्वारा निर्मित गाउँ शिक्षा योजना कार्यान्वयनमा तपाईको सहभागिता कस्तो छ ? सहभागिता न्यून भए के कारणबाट त्यस्तो हुन गएको हो ?

८. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा तपाइको नियमित र सक्रिय सहभागिता हुन नसक्नुका कारणहरु केके हुन् ?

९. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा तपाइको सक्रिय सहभागिता दिनका लागि के के गर्नुपर्ला ?

अनुसूची : तीन

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

स्रोतव्यक्तिहरुका लागि प्रश्नावली

१. तपाईंको स्रोतकेन्द्र क्षेत्र भित्रका सबै गा.वि.स.हरुमा गाउँ शिक्षा समिति गठन भएका छन् ? समिति गठन गर्दा कुन प्रक्रिया अवलम्वन गरीन्छ ?

२. तपाईंको स्रोतकेन्द्र क्षेत्र भित्रका सबै गा.वि.स.हरुमा गाउँ शिक्षा योजना निर्माण भएको छ ? योजना निर्माण गर्दा कुन प्रक्रिया अवलम्वन गरीन्छ ?

३. गाउँ शिक्षा समिति गठन र गाउँ शिक्षा योजना तर्जुमा गर्दा कुन प्रक्रिया अपनाउने गरीन्छ ? यस क्रममा सरोकारपक्षहरुको सहभागिता कस्तो रहेको छ ?

४. गाउँ शिक्षा समिति गठन गर्दा वा नगर्दा र गाउँ शिक्षा योजना निर्माण गर्दा वा नगर्दा दण्ड वा पुरस्कारको व्यवस्था छ कि छैन ?

५. गाउँ शिक्षा योजना कार्यान्वयनको क्रममा गा.वि.स.द्वारा शिक्षा विकासका लागि कति प्रतिशत रकम विनियोजन गरीन्छ ? यसको आधार के हो ?

६. शिक्षा विकासका लागि रकम विनियोजन गर्दा गाउँ परिषदले गाउँ शिक्षा योजनालाई आधार बनाउने गरेको छ ? रकम विनियोजनमा राजनीतिक हस्तक्षेप हुन्छ कि हुदैन ?

७. गा.वि.स.द्वारा शिक्षा विकासका लागि विनियोजित रकम विद्यालयहरुले प्राप्त गर्ने गरेका छन् ? कुन प्रक्रियाबाट प्राप्त गर्छन ?

८. गाउँ शिक्षा योजना निर्माण, कार्यान्वयनमा स्थानीय सहभागिता कस्तो रहेको छ ? के कारणबाट उनीहरुको सहभागिता न्यून हुन्छ ?

९. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वियन गर्दा आइपर्ने कठिनाइहरु केके हुन् ?

१०. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरु केके हुन् ?

अनुसूची : चार

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

गाउँ विकास समितिका सचिव/अध्यक्षहरुका लागि प्रश्नावली

१. तपाईंको गा.वि.स.मा गाउँ शिक्षा समिति गठन भएको छ ? समिति गठन गर्दा कुन प्रक्रिया अवलम्वन गर्नुहुन्छ ?

२. तपाईंको गा.वि.स.मा गाउँ शिक्षा योजना निर्माण भएको छ ? योजना निर्माण गर्दा कुन प्रक्रिया अवलम्वन गर्नुहुन्छ ?

३. गाउँ शिक्षा समिति गठन र गाउँ शिक्षा योजना तर्जुमा गर्दा कुन प्रक्रिया अपनाउने गर्नुहुन्छ ? यस क्रममा सरोकारपक्षहरुको सहभागिता कस्तो रहेको छ ?

४. गाउँ शिक्षा समिति गठन गर्दा वा नगर्दा र गाउँ शिक्षा योजना निर्माण गर्दा वा नगर्दा दण्ड वा पुरस्कारको व्यवस्था छ कि छैन ?

५. गाउँ शिक्षा योजना कार्यान्वयनको क्रममा गा.वि.स.द्वारा शिक्षा विकासका लागि कति प्रतिशत रकम विनियोजन गरीन्छ ? यसको आधार के हो ?

६. शिक्षा विकासका लागि रकम विनियोजन गर्दा गाउँ परिषदले गाउँ शिक्षा योजनालाई आधार बनाउने गरेको छ ? रकम विनियोजनमा राजनीतिक हस्तक्षेप हुन्छ कि हुदैन ?

७. गा.वि.स.द्वारा शिक्षा विकासका लागि विनियोजित रकम विद्यालयहरुले केके काम गर्नका लागि खर्च गर्दछन् ?

८. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा स्थानीय सहभागिता कस्तो रहेको छ ? के कारणबाट उनीहरुको सहभागिता न्यून हुन्छ ?

९. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन गर्दा तपाईले भोगेका कठिनाइहरु केके हुन् ?

१०. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरु केके हुन् ?

अनुसूची : पाँच

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

शिक्षकका लागि प्रश्नावली

१. तपाईंको गा.वि.स.मा गाउँ शिक्षा समिति गठन भएको छ ? समिति गठन गर्दा कुन प्रक्रिया अवलम्वन गरीन्छ ?

२. तपाईंको गा.वि.स.मा गाउँ शिक्षा योजना निर्माण भएको छ ? योजना निर्माण गर्दा कुन प्रक्रिया अवलम्वन गरीन्छ ?

३. गाउँ शिक्षा समिति गठन र गाउँ शिक्षा योजना तर्जुमा गर्दा कुन प्रक्रिया अपनाउने गरीन्छ ? यस क्रममा सरोकारपक्षहरुको सहभागिता कस्तो रहेको छ ?

४. गाउँ शिक्षा योजना कार्यान्वयनको क्रममा गा.वि.स.द्वारा शिक्षा विकासका लागि कति प्रतिशत रकम विनियोजन गरीन्छ ? यसको आधार के हो ? कुन प्रक्रियाबाट रकम विनियोजन गर्दा उपयुक्त हुन्छ ?

५. शिक्षा विकासका लागि रकम विनियोजन गर्दा गाउँ परिषदले गाउँ शिक्षा योजनालाई आधार बनाउने गरेको छ ? रकम विनियोजनमा राजनीतिक हस्तक्षेप हुन्छ कि हुदैन ?

६. गा.वि.स.द्वारा शिक्षा विकासका लागि विनियोजित रकम विद्यालयहरुले प्राप्त गर्ने गरेका छन् ? कुन प्रक्रियाबाट प्राप्त गर्छन ? र त्यसले विद्यालयहरुलाई केके फाइदा पुऱ्याएको छ ?

७. गाउँ शिक्षा योजना निर्माण, कार्यान्वयनमा स्थानीय सहभागिता कस्तो रहेको छ ? के कारणबाट उनीहरुको सहभागिता न्यून हुन्छ ? सहभागिता वृद्धि गर्ने उपायहरु केके हुन सक्छन् ?

८. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन गर्दा आइपर्ने कठिनाइहरु केके हुन् ?

९. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरु केके हुन् ?

अनुसूची : छ

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुका लागि प्रश्नावली

१. तपाइँको गा.वि.स.मा गाउँ शिक्षा समिति गठन भै त्यस मार्फत गाउँ शिक्षा योजना बन्ने काम भएको छ ? छ भने कुन प्रक्रियाबाट बन्ने गरेको छ ?

२. गाउँ शिक्षा योजना निर्माणमा तपाईं सहभागी हुनु भएको छ ? छैन भने किन ?

३. गाउँ शिक्षा समितिद्वारा तर्जुमा गरिएको गाउँ शिक्षा योजना निर्धारित समयमै पूरा हुन्छन्?

४. गा.वि.स.हरुले शिक्षा विकासका लागि स्थानीय स्वायत्त शासन ऐनले तोकेको रकम विनियोजन गर्ने गरेका छन् ?

५. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा स्थानीय समुदायको सहभागिता कस्तो छ ?

६. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा स्थानीय समुदायको अभिवृद्धि गर्न केके गर्नुपर्छ ?

६. गा.वि.स.द्वारा शिक्षा विकासका लागि विनियोजित रकम विद्यालयहरुले नियमित रुपमा प्राप्त गरेका छन् ?

८. उक्त रकमलाई के काममा प्रयोग गर्नुहुन्छ ? यसबाट विद्यालय तथा स्थानीय समुदायलाई केके फाइदा पुगेको छ ?

९. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा केकस्ता कठिनाइहरु भोग्नु परेको छ ?

१०. ती कठिनाइहरुलाई हल गर्ने उपायहरु के हुन सक्लान ?

अनुसूची : सात

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

जिल्ला शिक्षा अधिकारीका लागि प्रश्नावली

१. तपाईंको जिल्ला स्थित सबै गा.वि.स.हरुमा गाउँ शिक्षा समितिहरु बनेका छन् ? छैनन् भने कति बनेका छैनन् ?

२. गाउँ शिक्षा समिति गठन भएका सबै गा.वि.स.हरुमा गाउँ शिक्षा योजना बन्ने गरेको छ ? यो कुन प्रक्रियाबाट बन्ने गरेको छ ?

३. गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयनमा जि.शि.कार्यालयको प्रत्यक्ष र नियमित सहभागिता छ ?

४. गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयनमा स्थानीय समुदायको सहभागिता कस्तो छ ? सहभागिता न्यून हुनका कारणहरु केके हुन् ?

५. जिल्ला शिक्षा योजना निर्माण गर्दा पूर्ण रुपमा गाउँ शिक्षा योजनालाई आधार बनाउने गर्नु भएको छ ? यसमा के कठिनाइ छ ?

६. जिल्ला शिक्षा योजना निर्माण गर्दा गाउँ शिक्षा योजनालाई मात्र आधार नबनाउनको कारण के हो ?

७. गाउँ शिक्षा योजना अनुसार गा.वि.स. द्वारा विनियोजित रकमको विद्यालयहरुले केके मा प्रयोग गर्छन् ?

८. गाउँ शिक्षा योजनाले जिल्ला शिक्षा योजना निर्माणमा सहयोग पुऱ्याएको छ ?

९. गाउँ शिक्षा योजनाले विद्यालयको भौतिक तथा शैक्षिक विकासमा कस्तो सहयोग पुऱ्याएको छ ?

१०. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा केकस्ता कठिनाइहरु आउने गरेका छन् ?

११. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा आइपर्ने कठिनाइहरु हल गर्न केकस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ?

अनुसूची : आठ

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

स्थानीय विकास अधिकारीका लागि प्रश्नावली

१. तपाईंको जिल्ला स्थित सबै गा.वि.स.हरुमा गाउँ शिक्षा समितिहरु बनेका छन् ? छैनन् भने कति बनेका छैनन् ?

२. गाउँ शिक्षा समिति गठन भएका सबै गा.वि.स.हरुमा गाउँ शिक्षा योजना बन्ने गरेको छ ? यो कुन प्रक्रियाबाट बन्ने गरेको छ ?

३. गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयनमा जि.वि. स. कार्यालयको प्रत्यक्ष र नियमित सहभागिता छ ?

४. गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयनमा स्थानीय समुदायको सहभागिता कस्तो छ ? सहभागिता न्यून हुनका कारणहरु केके हुन् ?

५. जिल्ला शिक्षा योजना निर्माण गर्दा पूर्ण रुपमा गाउँ शिक्षा योजनालाई आधार बनाउने गर्नु भएको छ ? यसमा के कठिनाइ छ ?

६. जिल्ला शिक्षा योजना निर्माण गर्दा गाउँ शिक्षा योजनालाई मात्र आधार नबनाउनको कारण के हो ?

७. गाउँ शिक्षा योजना अनुसार गा.वि.स. द्वारा विनियोजित रकमको विद्यालयहरुले केके मा प्रयोग गर्छन् ?

८. गाउँ शिक्षा योजनाले जिल्ला शिक्षा योजना निर्माणमा सहयोग पुऱ्याएको छ ?

९. गाउँ शिक्षा योजनाले विद्यालयको भौतिक तथा शैक्षिक विकासमा कस्तो सहयोग पुऱ्याएको छ ?

१०. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा केकस्ता कठिनाइहरु आउने गरेका छन् ?

११. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा आइपर्ने कठिनाइहरु हल गर्न केकस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ?

अनुसूची : नौ

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको प्रभावकारीता

नमुना छनौटमा परेका व्यक्तिहरुको नामावली र ठेगाना

| क.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १. | पूर्णबहादुर दर्जी | जि.शि.अ. | जिल्ला शिक्षा कार्यालय, संखुवासभा |
| २ | लिला अधिकारी | स्थानीय विकास अधिकारी | जिल्ला विकास समिति, संखुवासभा |
| ३. | केदार खत्री | श्रोत व्यक्ति | आँखीभुई श्रोतकेन्द्र, महेन्द्रज्योति मा.वि आँखीभुई |
| ४. | विष्णुप्रसाद दाहाल | " | मादी श्रोतकेन्द्र, मादी उच्च मा.वि. मादी |
| ५. | लोकनाथ ढुंगाना | " | पोखरी श्रोतकेन्द्र, शारदा उच्च मा.वि. पोखरी |
| ६. | भवानीप्रसाद भट्टराई | " | चैनपुर श्रोतकेन्द्र, सरस्वती उच्च मा.वि. चैनपुर |
| ७. | रेवती रिमाल | " | वाना श्रोतकेन्द्र, वाना उच्च मा.वि. वाना |
| ८. | सूर्यप्रसाद पराजुली | गा.वि.स.सचिव/अध्यक्ष | माम्लिङ गा.वि.स. |
| ९. | दुर्गा मगर | " | चैनपुर गा.वि.स. |
| १०. | सुरेश गौतम | " | खराङ गा.वि.स. |
| ११. | प्रेमबहादुर श्रेष्ठ | " | वाना गा.वि.स. |
| १२. | दिलबहादुरपुरी | " | जलजला गा.वि.स. |
| १३. | राजेन्द्र खत्री | प्र.अ. | |
| १४. | विश्वनाथ सुवेदी | " | |
| १५. | विनोद खत्री | " | |
| १६. | मुक्तिनाथ गौतम | " | |
| १७. | भक्तबहादुर श्रेष्ठ | " | |
| १८. | सुरेन खत्री | शिक्षक | -अमरुवा मा.वि. आँखिभुई |
| १९. | अरुण मगर | " | - रामेश्वर उच्च मा.वि. माम्लिङ |
| २०. | इन्द्रमणि कोरङ्गी | " | - विनोद मा.वि. मूलखर्क |
| २१. | हर्क राई | " | - सरस्वती मा.वि. मावादिन |
| २२. | ज्ञानबहादुर राउत | " | - सिंहदेवी मा.वि. नुनढाकी |
| २३. | ददिराम सुवेदी | " | - सरस्वती मा.वि. मैदाने |
| २४. | रामकुमार दाहाल | " | - गगनचुम्वि प्रा.वि. अरुणथान |

| | | |
|---|---|---|
| २५. सूर्यबहादुर अधिकारी | " | - अरुण नि.मा.वि. सालडाँडा |
| २६. सुमुना श्रेष्ठ | " | - जलजला मा.वि. विहीवारे |
| २७. ढकलाल श्रेष्ठ | " | - जम्बावती मा.वि. सिभुवा |
| २८. उदय पौडेल | अभिभावक | - माम्लिङ |
| २९. भिम लिंखा | " | - तामाफोक |
| ३०. लक्ष्मी गिरी | " | - आँखिभुई |
| ३१. शोभा राया | " | - " |
| ३२. रामबहादुर मगर | " | - माम्लिङ |
| ३३. उदय पौडेल | " | - " |
| ३४. मुना श्रेष्ठ | " | - चैनपुर |
| ३५. गोपाल श्रेष्ठ | " | - " |
| ३६. ललित कटुवाल | " | - खराङ |
| ३७. मिनबहादुर दाहाल | " | - " |
| ३८. डम्बरबहादुर श्रेष्ठ | " | - वाना |
| ३९. दुर्गाबहादुर श्रेष्ठ | " | - " |
| ४०. केशवप्रसाद त्रिताल | वि.व्य.स. अध्यक्ष | - वाणिविलास मा.वि. लोहाकोट । |
| ४१. यदुनाथ नेपाल | " | - रामेश्वर उच्च मा.वि. माम्लिङ । |
| ४२. के.बी. लिम्बू | " | - शारदा उच्च मा.वि. पोखरी । |
| ४३. चन्द्रबहादुर दाहाल | " | - कालिका प्रा.वि. गैरी गाउँ । |
| ४४. नेत्रबहादुर डाँगी | " | - शारदा नि.मा.वि. ओखरबोटे । |